
# लेखापरीक्षण प्रतिवेदन

# रोहिणी गाउँपालिका, रुपन्देही

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# रोहिणी गाउँपालिका, रुपन्देही

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/540

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
रोहिणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा भत्ता वितरण रु.१४ करोड २९ लाख ४२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.१५ लाख १० हजार र शिक्षा विज्ञान प्रविधि मन्त्रालयको रु.३ लाख ३ हजार समेत गरी रु.१४ करोड ४७ लाख ५५ हजार एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन।

२. पालिकाको रु.१ अर्व २० करोड १६ लाख ४८ हजार लेखापरीक्षण गरिएकोमा रू.७ करोड ८९ लाख ६२ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा पालिकाबाट कुनै प्रतिक्रिया प्राप्त नभएको भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२८ लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८५ लाख १० हजार, नियमित गर्नुपर्ने रु.६ करोड २६ लाख ८९ हजार र पेस्की बाँकी रु.४९ करोड ४० लाख हजार रहेको छ। गत वर्षसम्म रु.१७ करोड ६७ लाख ९७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२५ करोड ५५ लाख ५२ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.गाउँपालिकाले आफु मातहत रहेको स्थिर सम्पत्तिको खुलासा गरेको छैन।सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेका कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने रोहीणी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

# चालु वर्षको बेरुजु वर्गीकरण

(रु.हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५० | ९१ | ७८९६२ | ० | ० | ० | ० | ५० | ९१ | ७८९६२ | २८२३ | ६२६८९ | ८५१० | ० | ० | ७११९९ | ४९४० |

**अद्यावधिक बेरुजू स्थिति**

(रु.हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुपन्देही | १७६७९७ | ० | २०७ | १७६५९० | ० | ७८९६२ | २५५५५२ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | २२ | नियम विपरित बढी सुविधा भुक्तानी | ४८,००० |
| २ | २०७७/७८ | २३ | कम कर दाखिला | ६,२५५ |
| ३ | २०७९/८० | ३८.2 | स्वास्थ्य तर्फ | १,५२,३०० |
| जम्मा | | | | २,०६,५५५ |

# (८०५४८५०७३०० - रोहिणी गाउँपालिका, रुपन्देही )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस रोहिणी गाउँपालिकामा ७ वडा रहेको छन् भने क्षेत्रफल ६४.६२ वर्ग किलोमिटर तथा ४३३२७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।१० देखि २०८१ ।९।४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.१ अरब २० करोड १६ लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| आ.व.: २०८०/ ८१ अवधी : २०८०/ ०४/ ०१ - २०८१/ ०३/ ३१ | | | | | | |
|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेटनिकाय) | | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | |
| | | | नगद | तेस्रोपक्ष भुक्तानी | जम्मा | गतआ.ब. को कारोबार |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | |
| ११००० | कर | | १०,८७,२२,९७६.७१ | ० | १०,८७,२२,९७६.७१ | ९,५४,७५,२७४.८० |
| १३००० | अनुदान | | ३२,००,२५,०२५.९१ | ० | ३२,००,२५,०२५.९१ | ३७,१५,३०,५६२.३१ |
| १४००० | अन्यराजस्व | | १,१२,९५,०३०.८९ | ० | १,१२,९५,०३०.८९ | १,११,२२,९४८.१० |
| १५००० | विविधप्राप्ति | | ४३,०८५.०० | ० | ४३,०८५.०० | १०,३६,६७९.०० |
| क | **कुलजम्मा प्राप्ति** | | ४४,००,८६,११८.५१ | | ४४,००,८६,११८.५१ | ४७,९१,६५,४६४.२१ |
| ३ | चालु | | ३२,३०,५२,४४९.७५ | ० | ३२,३०,५२,४४९.७५ | ३७,८१,५१,९४९.५७ |
| २१००० | पारिश्रमिक / सुविधा | | १४,४१,२८,१४९.०४ | ० | १४,४१,२८,१४९.०४ | १४,५१,८६,९०२.११ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | | १४,६७,८७,६३०.७१ | ० | १४,६७,८७,६३०.७१ | २०,८०,१४,९५५.४६ |
| २५००० | सहायता (Subsidy) | | १,६६,६६,४८८.०० | ० | १,६६,६६,४८८.०० | ७०,५२,८५३.०० |
| २७००० | सामाजिकसुरक्षा | | १,२३,८४,५५०.०० | ० | १,२३,८४,५५०.०० | १,४९,७९,६३७.०० |
| २८००० | अन्यखर्च | | ३०,८५,६३२.०० | ० | ३०,८५,६३२.०० | २९,१७,६०२.०० |
| ४ | पूंजीगत | | १२,४५,९१,५५१.०० | ० | १२,४५,९१,५५१.०० | १८,३२,५१,२३९.०० |
| ३१११० | भवनतथा संरचना | | ६,६१,९७,९५०.०० | ० | ६,६१,९७,९५०.०० | ५,३७,५९,०४८.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,१५,१७,१४८.०० | ० | १,१५,१७,१४८.०० | १,८३,८३,५७१.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | | ४,९२,४५४.०० | ० | ४,९२,४५४.०० | २७,३९,८२०.०० |
| ३११४० | सुरक्षाउपकरण | | ९१,८०९.०० | ० | ९१,८०९.०० | ० |
| ३११५० | सार्वजनिकनिर्माण | | ४,६२,९२,१९०.०० | ० | ४,६२,९२,१९०.०० | १०,८३,६८,८००.०० |
| ख) | कुलजम्मा भुक्तानी | | ४४,७६,४४,०००.७५ | | ४४,७६,४४,०००.७५ | ५६,१४,०३,१८८.५७ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (७५,५७,८८२.२४) | | (७५,५७,८८२.२४) | (८,२२,३७,७२४.३६) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -) | | (१,०१,९१८.३७) | | (१,०१,९१८.३७) | ७४,७०,००५.५० |
| ङ) | यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | | (७६,५९,८००.६१) | | (७६,५९,८००.६१) | (७,४७,६७,७१८.८६) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| च) | गतआ.व.को नगद तथा बैंक मौज्दात | | ६,५५,५३,९६७.३६ | | ६,५५,५३,९६७.३६ | १४,०३,२१,६८६.२२ |
| ज) | आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ५,७८,९४,१६६.७५ | | ५,७८,९४,१६६.७५ | ६,५५,५३,९६७.३६ |

संघिय सरकार र प्रदेश सरकार तर्फको **C-GAS** मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १५१०००० | १ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १५१०००० |
| २ | सामाजिक सुरक्षा तथा संरक्षण | १४२९४१९५६ | २ | सामाजिक सुरक्षा तथा संरक्षण | १४२९४१९५६ |
| ३ | शिक्षा विज्ञान प्रविधि मन्त्रालय | ३०२९०३ | ३ | शिक्षा विज्ञान प्रविधि मन्त्रालय | ३०२९०३ |
| | जम्मा | १४४७५४८५९ | | जम्मा | १४४७५४८५९ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४ करोड २९ लाख ४१ हजार ९५६, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम कार्यक्रमको रु. १५ लाख १० हजार तथा शिक्षा विज्ञान प्रविधि मन्त्रालय(छात्रवृत्ती) रु. ३ लाख २ हजार ९०३ समेत गरी रु. १४ करोड ४७ लाख ५४ हजार ८५९ एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

४ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।२८ मा रु.५५ करोड ९१ लाख १२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२८ मै पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **योजना तथा वजेट कार्यान्वियन**

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन :

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. १२ करोड ४५ लाखको खरिद गुरुयोजना बेगर गरेको छ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८० अनुसार यस वर्ष थपघट समेत सभाको निर्णयबाट रु. ३ करोड ८४ लाख ९० हजार मिति २०८०।१२।२७ मा रकमान्तर गरेको छ । उक्त रकम वजेटको तुलनामा ४.१ प्रतिशत हुन्छ । आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन । साथै रकमान्तर गरेको रकम मध्ये १४ योजनामा रु. ३५ लाख २० हजार खर्च गरेको छैन ।

कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

## ६ योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार पालिकास्तरका कुल २४८ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना संख्या | रु. २० लाख माथिका योजना संख्या | रु. ५ लाख देखि २० लाख सम्मका योजना संख्या | रु. ५ लाख भन्दा कमका योजना संख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २४८ | १ | ४० | २०७ |

यो वर्ष छनौट भएका योजनाहरु मध्ये भवन तथा शहरी विकास तर्फ रु. ९१ लाख विनियोजन गरेकोमा ४ योजनाहरु जस्तापाता वितरण, विद्यालय प्रवेशद्धार निर्माण तथा विद्युतिय पोल खरिदको रु. १२ लाख वाहेक मदरशा, मन्दिर निर्माण तथा मर्मत कार्यको लागि रु. ७९ लाख विनियोजन गरी खर्च गरेको छ । पुर्वाधार तर्फका ५८ योजनाको रु. १ करोड ७० लाख पनि रु. १ लाख देखि ५ लाख सम्मा धेरै केही १० लाखका योजनाहरु रहेका छन । साथै वाँकी योजनाहरु अनुदान वितरण तथा ट्युवेल, मोटर, जस्तापाता खरिद जस्ता वितरणका वितरणमुखि योजना संचालन गरेको देखिन्छ । योजनाहरु पनि अध्यक्ष ज्यूका योजना, उपाध्यक्ष ज्यूका योजना तथा वडाध्यक्ष ज्यूका योजना भनी उनीहरुकै सिफारीसका आधारमा संचालन भएका छन । जसवाट योजना छनौट तथा संचालनमा कानुनको पालना भएको छैन ।

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ ।

## ७ त्रैमासिक खर्च

कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम र दोस्रो त्रैमासिकमा ६.४२ र ५.२ प्रतिशत, तेस्रो त्रैमासिकमा ३२.७३ तथा चौथो त्रैमासिकमा ५५.६३ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ३६.१८ प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ ।

| क्र.स | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| | पूँजिगत खर्चतर्फ | १२४५९१ | ८००० | ६४८४ | ४०७८७ | ६९३१८ | ४५०८७ |
| | प्रतिशत | | ६.४२ | ५.२० | ३२.७३ | ५५.६३ | ३६.१८ |

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ५५.६३ प्रतिशत तथा आषाढ महिनामा ३६.१८ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

## ८ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउनुपर्ने देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३२६००००० | १५३८३११२ | ३.४४ |
| २ | पूर्वाधार विकास | १३३८०५००० | ९०५५५९८० | २०.२३ |
| ३ | सामाजिक विकास | २८०३२९००० | २४१२९०८१६ | ५३.९० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १६१३७००० | १४२१२१७३ | ३.१७ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९९३२०००० | ८६२०१९२० | १९.२६ |
| | जम्मा | ५६२१९१००० | ४४७६४४००१ | |

## ९ प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ । शुन्य प्रगति र कम प्रगति भएका योजनाहरुमा विनियोजन अनुसार काम हुन नसक्नु कारण देखाईए तापनि कार्यान्वयन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ ।

| शीर्षक | बार्षिकबजेट | खर्च | खर्च(%) |
|---|---|---|---|
| ३११११ आवासीय भवन निर्माण/खरिद | २४,००,०००.०० | ११,९५,७८१.०० | ४९.८२ |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ७,८०,५०,०००.०० | ६,३१,५२,०९३.०० | ८०.९१ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधारखर्च | २२,४०,०००.०० | १८,५०,०७६.०० | ८२.५९ |
| ३११२१ सवारी साधन | २८,००,०००.०० | २७,७८,९६५.०० | ९९.२५ |
| ३११२२ मेशिनरी तथा औजार | ८४,१०,०००.०० | ६८,७८,११७.०० | ८१.७८ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २९,२०,०००.०० | १८,६०,०६६.०० | ६३.७ |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथाखरीद खर्च | ७,५०,०००.०० | ० | ० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ५,००,०००.०० | ४,९२,४५४.०० | ९८.४९ |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्तिखर्च | १,००,०००.०० | ९१,८०९.०० | ९१.८१ |
| ३११५१ सडक तथा पूल निर्माण | ४,२४,५५,०००.०० | २,७८,१९,६४४.०० | ६५.५३ |
| ३११५३ विद्युत संरचना निर्माण | १९,३०,०००.०० | ८,३४,७४०.०० | ४३.२५ |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ८,००,०००.०० | ३,०९,६३५.०० | ३८.७ |
| ३११५५ सिंचाई संरचना निर्माण | ७०,००,०००.०० | ६४,३४,५७६.०० | ९१.९२ |
| ३११५६ खानेपानी संरचना निर्माण | ३६,३०,०००.०० | ३१,५२,७४१.०० | ८६.८५ |
| ३११५८ सरसफाई संरचना निर्माण | १०,५०,०००.०० | ३,८०,३६३.०० | ३६.२२ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | २,२६,७०,०००.०० | ७३,६०,४९१.०० | ३२.४७ |
| जम्मा | १७,७७,०५,०००.०० | १२,४५,९१,५५१.०० | ७०.११ |

## १० आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गरेपनि सो बमोजिम बजेट निर्माण गरेको पाईएन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१३ लाख ८३ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्दढ वनाउनु पर्ने देखिन्छ ।

## ११ कानुन निर्माण तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ६१ वटा ऐन, नियमावली तथा कार्यबिधि मापदण्ड स्वीकृत गरिएको छ ।

## १२ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । न्यायिक समितिमा मेलमिलाप तथा विवाद निरुपणका गतवर्षको वाँकी ६८ र यो वर्षको १०२ समेत १७० मध्ये १५७ फर्स्यौट भई १३ उजुरी वाँकी रहेको देखिन्छ । उजुरीहरु तोकिएको समयभित्र टुङ्गो लगाउनुपर्ने देखिन्छ ।

| उजुरीको प्रकार | गत आ.वमा फछ्यौंट गर्न बाँकी | यो आ.व मा थप | यो आ.व मा फछ्यौंट | फछ्यौंट बाँकी |
|---|---|---|---|---|
| दफा ४७ को १ बमोजिम | ३२ | ५१ | ७५ | ८ |
| दफा ४७ को २ बमोजिम | ३६ | ५१ | ८२ | ५ |
| | ६८ | १०२ | १५७ | १३ |

## १३ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको छैन । जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## १४ आर्थिक सहायता

(२६।०८०।६।३०,४८।०८०।७।३० समेत विभिन्न भौचरवाट) स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.९३ लाख ३७ हजार आर्थिक सहायता वितरण गरेको छ । वितरित आर्थिक सहायता मध्ये पालिकास्तरवाट वितरित रु.१३ लाख २१ हजार वाहेक अध्यक्षको तोकमा रु.१५ लाख नगद तथा रु.१५ लाख जिन्सी सहयोग रहेको छ । त्यस्तै उपाध्यक्षको तोकमा रु.४ लाख, वडाध्यक्षहरुले क्रमस: वडा नं. १ को रु.१ लाख ५० हजार, वडा नं. २ को रु.२ लाख, वडा नं. ३ को रु.२ लाख ९९ हजार, वडा नं. ४ को रु.२ लाख ७० हजार, वडा नं.५ को रु.१ लाख ९९ हजार, वडा न. ६ को रु.१ लाख ९५ हजार, तथा वडा नं.७ को रु.४ लाख रहेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर पदाधिकारीहरु सवैले आ आफ्नो नाममा वजेट विनियोजन गरी आर्थिक सहायता वितरण गर्ने कानुनी आधार नदेखिएकोले अनियमित दखिएको रु

**१) आर्थिक सहायताको कार्यक्रमगत विवरण**

| क्र सं. | खर्च शिर्षक | रकम |
|---|---|---|
| १ | अध्यक्ष ज्यूको तोकादेशानुसार विभिन्न कार्यक्रम तथा सहयोग वितरण खर्च | ९८१००७ |
| २ | उपाध्यक्षज्यूको तोकादेश अनुसार कार्यविधको परिधि भित्र रहि धर्म साँस्कृति तथा सामाजिक/आर्थिक सहयोग | ४००००० |
| ३ | धर्म संस्कृति सहायता /विपन्न नागरिक औषधि उपचार /मृतक नागरिकको जिन्सी सहायता | १५००००० |
| ४ | आर्थिक सहायता, चन्दा र पुरस्कार | १५००००० |
| ५ | विपन्न नागरिक तथा मृत्यु संस्कार तथा अन्य सहायता | ११४०३०९ |

२) **अध्यक्ष ज्यूको तोकादेशानुसार विभिन्न कार्यक्रम तथा सहयोग वितरण खर्च**-पालिकाले यस वर्ष यस शिर्षकमा रु. १०लाख बजेट विनियोजन गरी अध्यक्षज्यूको आदेशानुसार भुक्तानी गरी रु. ९ लाख ८१ हजार खर्च लेखेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

| क्र सं. | भौ नं। मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ४८।८०।७। १३ | जय जनरल अर्डर सप्लायर्स समेत ५ लाई रकम भुक्तानी | ९६१८९ | भलिवल र नेट वितरण, सिलाई मेशिन वितरण,एम्प्लिफाय माइक्रोफोन वितरण,सिलिङ्ग पंखा वितरण, ह्विल चेयर वितरण |
| २ | ८३।७।२१ | न्यू लक्ष्मी साईकल सप्लायर्स | १७५९४ | २ थान साइकल |
| ३ | १३४। ०८०।८। १२ | दिव्या ट्रेड एण्ड सप्लायर्स | ५०२८५ | त्रिदेवी बचत तथा ऋण सहकारी संस्था लि (र्‍याक, दराज) |
| ४ | १३४। ०८०।८। १२ | ओम साई कम्प्युटर | ३२५०० | त्रिदेवी बचत तथा ऋण सहकारी संस्था लि (प्रिन्टर) |
| ५ | १३४। ०८०।८। १२ | न्यू लक्ष्मी साइकल सपलायर्स | ८७४० | १ थान साइकल |
| ६ | १४७। ०८०।८। २४ | न्यू मनकामना इलेक्ट्रानिक्स | १२७२२२ | दुर्गा मन्दिर निर्माण समिति (एम्पली फायर, माइक सेट)राम प्रा वि (कन्फरेन्स माइक) |

३) **धर्म संस्कृति सहायता /विपन्न नागरिक औषधि उपचार /मृतक नागरिकको जिन्सी सहायता**-पालिकाले यस वर्ष यस शिर्षकमा बजेट विनियोजन गरी रु. २२ लाख २६हजार खर्च लेखेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

| क्र सं. | भौ नं। मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ९३।०८०।७।२३ | या गरिब निवाज फर्निचर,शिव शंकर सः मिल | ६६००० | २० जनालाई लास दाह संस्कार गर्न दाउरा खरिद भुक्तानी |
| २ | २००।०८०।९।१२ | कोटहीमाई किराना पसल | ९०७९० | ११ जनालाई ११ थान पान विलबाट काजक्रिया तथा भण्डाराको लागि आलु चिनी चिउरा आदि खरिद भुक्तानीवडा नं४ |
| ३ | २०१।०८०।९।१२ | कोटहीमाई किराना पसल | ७६२४० | ९ जनालाई ९ थान पान विलबाट काजक्रिया तथा भण्डाराको लागि आलु चिनी चिउरा आदि खरिद भुक्तानीवडा नं४ |
| ४ | २०७।०८०।९।१२ | सिया किराना फलफुल तथा तरकारी पसल | ६३७९० | ७ जनालाई ७ थान पान विलबाट काजक्रिया तथा भण्डाराको लागि आलु चिनी चिउरा आदि खरिद भुक्तानी |
| ५ | २३२।०८०।९।२३ | सिया किराना फलफुल तथा तरकारी पसल | ५९९९० | पान विलबाट काजक्रिया तथा भण्डाराको लागि आलु चिनी चिउरा आदि खरिद भुक्तानी |
| ६ | ३६१।०८०।११।६ | न्यू मनकामना किराना पसल | २७६५०० | ३४ जनालाई पान विलबाट काजक्रिया तथा भण्डाराको लागि आलु चिनी चिउरा आदि खरिद भुक्तानी |
| ७ | ६११।०८१।१।२५ | कोटहीमाई श्री किराना पसल | ७४९६० | १४ जनालाई पान विलबाट काजक्रिया तथा भण्डाराको लागि आलु चिनी चिउरा आदि खरिद भुक्तानी |
| ८ | ६३७।०८१।२।२० | न्यू मनकामना किराना एण्ड फलफूल पसल | २००००० | ४७ जनालाई पान विलबाट काजक्रिया तथा भण्डाराको लागि आलु चिनी चिउरा आदि खरिद भुक्तानी |
| ९ | ७५६।०८१।३।१४ | इन्दा किराना पसल | १००००० | १७ जनालाई पान विलबाट काजक्रिया तथा भण्डाराको लागि आलु चिनी चिउरा आदि खरिद भुक्तानी |
| १० | ३४७।०८०।११।६ | एस एस ब्रदर्श सपलायर्स, बुद्धि प्रसाद पन्थ | १५०००० | घ्यू, अण्डा, चना, नून, प्रोटिन पाउडर आदि |
| ११ | ४७१।०८०।१२।२५ | पुजा सप्लायर्स (PAN bill) | ६९८७५० | घ्यू, अण्डा, चना, नून, प्रोटिन पाउडर आदि |
| १२ | ६८८।०८१।३।४ | पुजा सप्लायर्स (PAN bill) | १७९१५० | घ्यू, अण्डा, चना, नून, प्रोटिन पाउडर आदि |
| १३ | ६२३।०८१।१।२५ | वडा सचिव श्री बलिराम चौधरी | १९०००० | घ्यू, अण्डा, चना, नून, प्रोटिन पाउडर आदि |

४) **पर्व खर्च**-विभिन्न प्रकारका पर्वमा सहयोग सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

| | भौ नं। मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १६२।०८०।९।२ | वडा नं ३ का स श्री राम बचन कोहार | १८७५८०। | ३२ जनालाई विभिन्न पर्वमा रु१०००। देखि रु१५०००। सम्म आर्थिक सहयोग |
| २ | ३२८।०८०।१०।२९ | वडा नं ४ स क अ श्री परागराज बर्मा | ५००००। | विभिन्न रु५००० देखि ६०००। सम्म |
| ३ | ३२७।०८०।१०।२९ | वडा नं ४ सहायक पाचौं श्री बलिराम चौधरी | १०००००। | विभिन्न रु४००० देखि ६०००। सम्म |
| ४ | ३२६।०८०।१०।२९ | वडा नं ७ सहायक पाचौं श्री धन कुमारी पाण्डेय | ७५०००। | विभिन्न रु४००० देखि १००००। सम्म |
| ५ | २४९।०८०।११।६ | वडा नं ३ सहायक पाचौं श्री कृष्ण मोहन यादव | १२३१९०। | विभिन्न रु४००० देखि १००००। सम्म |
| ६ | ४०५।०८०।१२।४ | वडा नं १ का स श्री अशोक कु कहाँर | १०००००। | विभिन्न रु३००० देखि १००००। सम्म |
| ७ | ६१०।०८१।१।२५ | वडा नं ५ का स श्री बृजलाल कोहार | १४००००। | विभिन्न ११ वटा पुजा समितिहरुलाई भुक्तानी |

५) **धार्मिक कार्यक्रम स्वीकृत** - सहयोग सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

| क्र सं | भौ नं। मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ५४२।०८१।१।१२ | बैरिहवा रामजानकी मन्दिरमा मूर्ति स्थापना एवं प्राण प्रतिष्णा सहयोग कार्यक्रम सहयोग | ५०,००० |
| २ | ६५१।०८१।२।२३ | पोखरभिण्डीमा धनुषमहा यज्ञमा सहयोग | ५०,००० |
| ३ | ५४२।०८१।१।१२ | बैरिहवा रामजानकी मन्दिरमा मूर्ति स्थापना एवं प्राण प्रतिष्णा सहयोग कार्यक्रम सहयोग | ५०,००० |
| ४ | ५२५।०८१।१।६ | ५ कुण्डीय गायत्री महायज्ञ कार्यक्रम | ३२००० |
| ५ | ६५२।०८१।२।२३ | अमवा दुर्गा मन्दिरमा मूर्तिको प्राण प्रतिष्ठा पुजा तथा भण्डारा सम्बन्धी खर्च | १५०००० |
| ६ | ६५१।०८१।२।२३ | पोखरभिण्डीमा धनुषमहा यज्ञमा सहयोग | ५०००० |
| ७ | ६४२।०८१।२।२३ | चैत्र राम नवमी कार्यक्रम कदमहवा आश्रम | १००००० |

| | |
|---|---|
| अनियमित भएको | ९३,३७,७८६ |

## १५ खर्च वृद्धि

तपसिलका चालु प्रकृतिका काम खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले खर्च वृद्धि भएकोमा सोको कारण खुलाएको छैन । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ । (रु.हजारमा)

| सि.नं. | खर्च शिर्षक | २०७९।८० को खर्च | २०८०।८१ को खर्च | वृद्धिको कारण |
|---|---|---|---|---|
| १ | बैठक भत्ता | ३६०२ | ३६९४ | नखुलाएको |
| २ | जलपान | ४२७७ | ४४८८ | नखुलाएको |
| ३ | मसलन्द | ५५४५ | ३९८६ | नखुलाएको |

## १६ सेवा प्रवाहको स्थिति

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।

| विवरण | संख्या |
|---|---|
| स्वीकृत घर नक्सा दर्ता पास | ५५ |
| जन्मदर्ता | १२७४ |
| मृत्यु दर्ता | ३१२ |
| बसाई सराई | ३८ |
| विवाह दर्ता | ४०४ |
| सम्बन्ध विच्छेद दर्ता | १२ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ० |
| पिसिसि सडक | २८७७.९१ मि. |
| कालोपत्रे सडक मर्मत | ३६८ मि |
| ग्राभेल सडक निर्माण | ३९२९.६ मि |
| ग्राभेल सडक मर्मत | ६०२.९६ मि |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहको अभिलेख व्यवस्थित देखिएन । अत: सवै प्रकारका सेवा प्रवाहको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

## १७ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## १८ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म गत वर्षको समेत फस्यौंट नभई रु. ४७ लाख ६३ हजार ८१४ बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ३४ लाख फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्की लिएकोमिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद नाघेको पेश्की | गत वर्षको पेश्की वाँकी |
|---|---|---|---|---|---|---|
| १ | २०८०/०६/३० | २७ | धर्म संस्कृति सहायता | अनिल चौधरी | ६,००,०००.०० | |
| २ | २०८०/०६/३० | ३२ | धर्म संस्कृति संरक्षण , प्रवर्धन तथा विविध कार्यक्रम एवम सामाजिकसहायता | सत्यनारायण प्रजापति | १,००,०००.०० | |
| ३ | २०८०/०७/२० | १५ | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, | मनिषा थापा | १,५०,०००.०० | |
| ४ | २०८०/०७/२२ | २८ | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम | संगीताशर्मा | ३,००,०००.०० | |
| ५ | २०८०/०७/२२ | ८७ | कार्यक्रम खर्च | खगराजउपाध्याय | ०.०० | २,६३,८१४.०० |
| ६ | २०८०/०७/२२ | ८७ | विपन्न नागरिक औपधि उपचार सहायता | मनोज यादव | ०.०० | १,५४,२१७.०० |
| ७ | २०८०/०७/२२ | ८७ | विपन्न नागरिक औषधि उपचार /मृतक नागरिकको जिन्सी सहायता | मनोज यादव | ०.०० | १,४५,७८३.०० |
| ८ | २०८०/०७/२२ | ८७ | धर्म साँस्कृति प्रवधर्न सहयोग कार्यक्रम | श्यामबलिधवल | ०.०० | ५०,०००.०० |
| ९ | २०८०/०७/२२ | ८७ | विपन्न नागरिक औपधि उपचार सहायता | श्यामबलिधवल | ०.०० | २,३०,०००.०० |
| १० | २०८०/०७/२२ | ८७ | विपन्न नागरिक औषधि उपचार /मृतक नागरिकको जिन्सी सहायता | श्यामबलिधवल | ०.०० | २०,०००.०० |
| ११ | २०८०/०७/२२ | ८७ | धर्म संस्कृति सहायता | शिव कुमारयादव | ०.०० | ५,००,०००.०० |
| १२ | २०८०/०७/२३ | १०० | धर्म संस्कृति संरक्षण , प्रवर्धन सामाजिकसहायता | अनिल कुमारयादव | १,००,०००.०० | |
| १३ | २०८०/०७/२३ | ११४ | धर्म संस्कृति सहायता | श्यामबलिधवल | ५,००,०००.०० | |
| १४ | २०८०/०८/०६ | ३४ | आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, | सुस्मिताराना | १,००,०००.०० | |
| १५ | २०८०/०९/१९ | २२४ | आर्थिक सहायता, चन्दा र पुरस्कार | पवन कुमार गौंड कहांर | ५,००,०००.०० | |
| १६ | २०८०/०९/२६ | २४८ | स्वास्थ्य शिविर सञ्चालन सबै वडामा | रामनेवासप्रसाद कुर्मी (चौधरी) | ४,००,०००.०० | |
| १७ | २०८१/०३/२४ | २३६ | हैण्डपाइप जडान | गंगाप्रसाद लोनिया | ६,५०,०००.०० | |
| | | | | जम्मा | ३४००००० | १३६३८१४ |

| | |
|---|---|
| पेश्की | ३४,००,००० |

## १९ निर्माण व्यवसायीको पेश्की

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ तथा खरिद सम्झौताको शर्त वमोजिम दिएको पेश्की सम्झौतामा उल्लेख भए वमोजिम फस्यौंट गर्नुपर्दछ । पालिकाले गत वर्ष समेत निम्नानुसार कार्यक्रमको लागि रु. १ करोड १७ लाख ५५ हजार पेश्की दिएको

छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी खरिद सम्झौता तथा खरिद कानून वमोजिम पेश्की फर्स्यौट गर्नुपर्दछ ।

| पेश्की लिएकोमिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद ननाघेको पेश्की यो वर्षको | गत वर्षको वाँकी |
|---|---|---|---|---|---|
| २०८०/०६/३० | २ | गाउँपालिकाप्रशासनिक भवन निर्माण | मांगायत्री निर्माण सेवा | ७८,००,०००.०० | ० |
| २०८०/०७/२२ | ६ | बेलराइराजा चोकमा धर्मशाला निर्माण | नेशनलमल्टी विल्डर्स | ०.०० | ७,००,०००.०० |
| २०८०/०७/२२ | ६ | बेलराइराजा चोकमा धर्मशाला निर्माण क्रमागतयोजना | नेशनलमल्टी विल्डर्स | ०.०० | ७,००,०००.०० |
| २०८०/१०/२३ | २ | पिपरहवामास्वास्थ्य चौकी भवन निर्माण | आरम्भदिव्य जे भी | १९,३५,०००.०० | ०.०० |
| २०८१/०२/२८ | ११७ | वडा नं १को वडा कार्यालय भवन निर्माण | लक्की एण्डशिव कन्स्ट्रक्सन | ६,२०,०००.०० | ०.०० |
| | | | जम्मा | १,०३,५५,०००.०० | १४,००,०००.०० |

## २० आन्तरिक राजस्व

आन्तरिक राजस्व सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

-कार्यालयले मुल संचित कोषको बैंक नगदी किताव तयार गरेको भएता पनि आन्तरिक आयको आम्दानी वाँधेकोमा रकम बैंक दाखिला भए नभएको यकीन नगरी सोझै जति राजस्वको सफ्टवयरले देखाउछ उति नै दाखिला गरेको मानि आम्दानी बाँधेको छ भने मासिक तथा वार्षिक रुपमा राजस्व खाता र संचित कोष खाताको सम्बन्धमा बैंक हिसाव मिलान गरेको छैन ।

-आय ठेक्का अभिलेख नै नरहेको को कारण ठेक्का सम्बन्धी बाँकी बक्यौता असुली व्याज जरिवान यकीन गर्न तथा फाईल परीक्षणमा समस्या परेको - राजश्व मलेपफा नं १०१ देखि ११५ सम्मको अभिलेख नराखेकोले राजश्व आम्दानी, राजस्व छुट सहुलियत, राजश्व बक्यौता, बैक दाखिला, सञ्चित कोष दाखिला बारे यकीन हुन सकिएन ।

- स्थानीय उत्पादन निकासी कर लगाईएको पाईएन ।

-वडाको आम्दानी सम्बन्धमा पालिकाले देखाएको आम्दानीलाई मात्र आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ ।

-पालिका भित्रका स्थायी लेखा नं लिएका करदाता, बहालकर बुझाउनुपर्ने करदाताको विवरण माग तथा वहाल कर नवुझाई कर चुक्ता दिन नहुने व्यवस्थाका लागि आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरेको छैन ।

## २१ सामुदायिक वनको आय

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकामा गौतम वुद्ध सामुदायिक वन रहे पनि वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गरेको देखिएन ।

## २२ कर तथा शुल्क असुली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले लक्ष्य वमोजिम असुली हुन सकेको देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ ।

## २३ असूली

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छ ।लक्ष्यको तुलनामा न्युन आय तथा आन्तरिक श्रोत कम रहेको देखिन्छ । राजश्व उठ्ने क्षेत्रहरु पहिचान गरी राजश्व वृद्धि गरी आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्नुपर्दछ ।

| २०८०।८१को आय | | | | गत वर्षको | |
|---|---|---|---|---|---|
| शीर्षक | प्रस्तावितआय | वास्तविकआय | १००.६२ | शीर्षक | वास्तविकआय |
| ११३१३ सम्पती कर | ४००६८५. | ४२६७०९.४ | १०६.४९ | ११३१३सम्पती कर | २११११६.५६ |
| ११३१४ भुमिकर/मालपोत | २००००००. | १९२९९७१.९५ | ९६.५ | ११३१४भुमिकर/मालपोत | १७२६०८२.३८ |
| ११३१७ वहाल कर | १३०००००. | ३५३९१४३.२५ | २७२.२४ | ११३१७वहाल कर | १६६८०७८.०१ |
| ११३१८ वहाल विटौरी कर | ५०००००. | ० | ० | १४२१९अन्य सेवा शुल्क तथा बिक्री | २५६१८१. |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | १५०००००. | ७८७९७५. | ५२.५३ | १४२४२नक्सापास दस्तुर | २२१७७९२.५२ |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | २४००००००. | १६८०००००. | ७० | १४२४३सिफारिश दस्तुर | ३५५३४६७. |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १३०००००. | ९५८८००. | ७३.७५ | १४२४४व्यक्तिगत घटना दर्ता दस्तुर | ५५२९४४. |
| १४२४२ नक्सापास दस्तुर | २५०००००. | ३३०९७१३.७८ | १३२.३८ | १४२४९अन्य दस्तुर | २४०१५५१.१३ |
| १४२४३ सिफारिश दस्तुर | ३००००००. | ३९९१६९८.८८ | १३३.०६ | १४२५३व्यावसाय रजिष्ट्रेशन दस्तुर | २४,२४०.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ७०००००. | ५३५०९०. | ७६.४४ | १४३१२प्रशासनिक दण्ड, जरिवाना र जफत | ८५२९२१.८ |
| १४२४९ अन्य दस्तुर | १००००००. | १५६२८३६.१६ | १५६.२८ | १४५२९अन्य राजस्व | ० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५०००००. | १,१००.०० | ०.२२ | १५१११बेरूजू | १०३६६७९. |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | २०००००. | २२०१६५. | ११०.०८ | ३२१२१नगद | ० |
| १४५२९ अन्य राजस्व | २०००००. | १०५५८६. | ५२.७९ | जनसहभागिता | २७९७६१५. |
| १५१११ बेरूजू | १०००००. | ४३,०८५.०० | ४३.०९ | १३४१२अन्य व्यक्तिगत आन्तरिक अनुदान | २७९७६१५. |
| जनसहभागिता | ३००००००. | १५७४९८५. | ५२.५ | | |
| १३४१२ अन्य व्यक्तिगत आन्तरिक अनुदान | ३००००००. | १५७४९८५. | ५२.५ | | |
| जम्मा | ४५२००६८५. | ३७३६१८४४.४२ | | जम्मा | २००९६२८३.४ |

## २४ नगद राजश्व दाखिला नभएको

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिन सम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा ढिला गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ । पालिकामा देहाय वमोजिमका कर्मचारीहरुले उठाएको राजश्व रकम संचितकोष ढिला दाखिला गरेको देखियो उक्त ढिला दाखिला रकममा ढिला दाखिला अवधिको कानुनवमोजिम दाखिला हुने मिति सम्मको जरिवान सहित अशुल गर्नुपर्ने रु.

| क्र म | कर्मचारीको नाम | असुली महिना | दाखिला गर्न वाँकी रु. | दाखिला मिति | ढिला अवधिको जरीवाना |
|---|---|---|---|---|---|
| १ | रवीलाल पौडेद वडा नं २ | २०८० कार्तिक | २९०७८ | २०८०।१२।६ | १२१२ |
| | | २०८० चैत्र | ४३४४५ | २०८१।२।२७ | ७२४ |
| | | २०८१ वैशाख | ५७५०९ | २०८१।२।२७ | ४७९ |
| | जम्मा | | | | २४१५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४१५ |

२५ **व्यवसाय कर**

पालिकाको आर्थिक ऐन, २०८० को दफा ९ ( अनुसूची-८) मा व्यवसाय कर लाग्ने व्यवस्था गरेको छ । पालिकाले राजस्व अभिलेख र प्रतिवेदनको लागि प्रयोग गरेको स्थानीय तह ERP प्रणाली अनुसार पालिका भित्रका विभिन्न कारोवार गर्ने बैङ्क, वित्तीय संस्था, सहकारी, होटेल, स्टेशनरी लगायत फर्मबाट पालिकाले व्यवसाय कर असुल गरेको पाईएन । आर्थिक ऐन अनुसार व्यवसाय कर असुल गर्नुपर्ने देखिन्छ ।

२६ **आय ठेक्कानै नगरेको**

गाउँपालिका भएर वग्ने रोहीणी खोलामा ३ घाटहरुको ७ लाख ३७ हजार ३५२ घन फीटको रु. ५८ लाख ९८ हजार ८१६ वारवरको नदिजन्य पदार्थ आय ठेक्का व्यवस्था नगरेकोले विक्रि हुन सकेको देखिएन । चोरी निकासी नियन्त्रण हुन नसक्नु तथा स्थानीयको अवरोध का कारण ठेक्का पट्टा हुन नसक्नु प्रमुख रहेको कार्यालयले जनाएको छ । चोरी निकासी नियन्त्रण तथा स्थानीय संग सहजीकरण गरी समयमानै राजश्वको ठेक्का पट्टा हुनु पर्दछ ।

| क्र सं | खोला तथा घाट | उत्खनन हुन सक्ने परिमाण घन फिट | न्युनतम दर रु. ८ ले हुने रकम |
|---|---|---|---|
| १ | कुस्मी टोल क्षेत्र | ८८२०० | ७०५६०० |
| २ | गैरिहवा | ४५११५८४ | ३६१२६७२ |
| ३ | हनुमान गाडीया सेमरपानी | १९७५६८ | १५८०५४४ |
| | जम्मा | ७३७३५२ | ५८९८८१६ |

२७ **प्रतिविद्यार्थी लागत अनुदान**

१५५-२०८१।३।१७कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप न २.७.१३.५० को बुदा न २.६ मा प्राबिधिक धार ( कक्षा९-१२ ) संचालित विद्यालयहरुलाई प्रतिविद्यार्थी लागत अनुदान सम्बन्धी ब्यवस्था छ । पालिकाले २०८० को EMIS तथ्याक लाई आधार मानि यो बर्ष श्री रामनरेश यादब आर्दश विद्यालयमा अध्ययनरत ९३ जना विद्यार्थीहरु लाई प्रतिविद्यार्थी रु. १५ हजार कादरले रु. १३

लख ९५ हजार उपलब्ध गराएको देखिन्छ । सो अनुदान रकम विद्यालयले शिक्षण सिकाई सामाग्री, ल्याब असिस्टेन्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामाग्री ब्यवस्थापन, प्रयोगात्मक कार्यमा खटिने विद्यार्थीहरुलाई निर्बाह खर्च बापत प्रतिमहिना रु. १ हजार उपलब्ध गराउनु पर्ने ब्यवस्था छ । अनुदान रकम खर्च पुष्टिहुने कागजात पेश भएको देखिदैन त्यसैले अनुगमन प्रतिवेदन तथा फाँटवारी पेश हुनुपर्दछ ।

२८ **नमुना विद्यालय अनुदान**

१५५-२०८१।३।१७ कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप न २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एंव कार्यसम्पादनमा आधारीत प्रोत्साहन कार्यक्रम अन्तर्गत नमुना विद्यालय शैक्षिक तथा ब्यवस्थापकिय योजना कार्यान्वियको लागी प्राप्त अनुदान रकम नमुना विद्यालय गुरु योजना र विद्यालयले पालिकासंग गरेको सम्झौता बमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । विद्यालय र पालिका विचमा मिति २०८०।१२ ।२१ मा विद्याललले पेश गरेको प्रस्ताब बमोजिम खर्च हुने गरी रु. ४५ लाख अनुदान दिने गरी सझौता भएको देखिन्छ । विद्यालयले उक्त अनुदान खर्च गरी पेश गरेको विवरण अनुसार बिहानी कक्षामा कार्यरत शिक्षकहरुको २०८० श्रावण देखि फागुन सम्म भत्ता रु. १० लाख ९४ हजार ५१५ भुक्तानी गरेको देखिन्छ । त्यसैगरी कक्षा ५,८ र १० का विद्यार्थीहरु लाई कोचिङ कक्षा संचालनको श्रावण देखि मंसिर सम्म ९ जना शिक्षकहरुलाई रु. २ लाख ६१ हजार ४० भुक्तानी गरेको देखिन्छ । तर विहानी सत्रमा काम गरेको र कोचिङ कक्षा संचालनमा गरेको पुष्टीहुने प्रमाण विद्यार्थी उपस्थिति, शिक्षकको हाजिरी, तथा पालिकोले कार्यक्रम सम्बन्धमा अनुगमन प्रतिबेदन पेश भएको देखिदैन । त्यसैले सम्झौता बमोजिम खर्च रकम पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,५५,५५५ |

२९ **नर्म्स विपरित प्रशिक्षण भत्ता**

२०७-२०८१।३।२२ स्वास्थ्य तर्फका कार्यक्रम संचालन सम्बन्धी मार्गदर्शन २०८०।०८१ मा शसर्त तर्फका कार्यक्रम अर्थ मन्त्रालयको कार्यक्रम संचालन सम्बन्धी निर्देशिका २०७७, लाई पालना गरेर सबै प्रकारका गोष्ठी सेमिनार तथा तालिम कार्यक्रम संचालन गर्नुपर्ने ब्यवस्था छ । उक्त निर्देशिकाको बुदा नं. ४ अनुशार स्थानिय स्तरबाट संचालन हुने गोष्ठी, सेमिनार तथा तालिम कार्यक्रममा स्रोत ब्यक्ती तथा प्रशिक्षकले सोही निकायको कर्मचारी भएमा कार्यपत्रबापत रु. १ हजार पाउने तर प्रबचन बापत रकम नपाउने ब्यवस्था छ । पालिकाले स्थलगत अनुशिक्षण आउटसाईकोचिङ सम्बन्धी कार्यक्रम मिति २०८१।२।२५ देखि मिति २०८१।३।१० सम्म विभिन्न स्वास्थ्य संस्थामा सम्पन्न गरी पारिश्रमिक रकम भुक्तानी लिदा पालिकालले तयार गरेको नम्स अनुसार प्रति कक्षा रु. १ हजार ५०० को दरले भुक्तानी लिएकोले निम्नानुसार रु. ३० हजार वढी भुक्तानी भएकोले उक्त रकम असुल हुनपर्ने रु.

| कर्मचारी | कक्षासंख्या | बढीभुक्तानी | जम्मा |
|---|---|---|---|
| रामनरेश प्रसाद चौधरी | १२ | ५०० | ६००० |
| रेनुका पाण्डेय | १२ | ५०० | ६००० |
| रमेश चौबे | १२ | ५०० | ६००० |
| सविता खड्का | १२ | ५०० | ६००० |
| सोनम चौधरी थारु | १२ | ५०० | ६००० |
| जम्मा | | | ३०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

३० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाका ६ वडामा २१ योजना सञ्चालन गरी यस वर्ष ६३ जनालाई औसत ७१.४६ दिनले ४५०२ दिन रोजगारी उपलव्ध गराई

रु.45 लाख 92 हजार श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३१ **कृषी पशु अनुदान**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट २१९ जनाको लागि रु. २२ लाख ९१ हजार ७४५ खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनुपर्नेमा गरेको देखिएन अत: विभिन्न सामान व्यक्ति विशेषलाई उपलव्ध गराएकोमा व्यक्ति छनौटको आधार पेश नभएको तथा गत विगतमा पनि वितरण भई दोहोरो नपरेको सम्वन्धमा एकिन नगरेकोले छनौट तथा वितरण पारदर्शि नभएको अनियमित देखिएको रु.

| **क्रम** | **भौचर नं मिति** | **अनुदानको किसिम** | **व्यक्ती संख्या** | **रकम रु हजारमा** |
|---|---|---|---|---|
| १ | १७।८०।९।२ | स्प्रे टैकी वितरण | ३९ | १९९९७६ |
| २ | १९।८०।९।४ | पम्पसेट वितरण | १९ | ३९८००० |
| ३ | ४०।८०।१०।२६ | स्प्रे टैकी वितरण | ५७ | २९६४०० |
| ४ | ७८।८१।१।९ | कृषि सिंचाई वोरिङ जडान | ७ | ५३६६६२ |
| ५ | १४०।८१।३।६ | कृषि सिंचाई वोरिङ | १३ | ३११३८६ |
| ६ | १४९।८१।३।७ | कृषि सिंचाई मोटर | ३८ | १४९४९० |
| ७ | १५०।८१।३।९ | स्प्रे टैकी वितरण | ३८ | १९९८३१ |
| ७ | २००।८१।३।२० | कृषि मोटर अनुदान | ८ | २००००० |
| | | **जम्मा** | २१९ | २२९१७४५ |

| | |
|---|---|
| अनियमित भएको | २२,९१,७४५ |

३२ **अनुगमन भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख (५) मा उपाध्यक्षको संयोजकत्वमा अनुगमन समिति हुने व्यवस्था छ । सो विपरित अध्यक्ष लाई अनुगमन कार्यको निम्नानुसार अनुगमन भत्ता भुक्तानी गरेको छ । आफ्नो जिम्मेवारी भन्दा वाहिरको काममा उपस्थित भएको भनी भत्ता भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| भौ नं।मिति | बैठक संख्या | रकम |
|---|---|---|
| ५७१।०८१।१।१८ | ४ वटा | ५४४० |
| ५७९।०७१।१।२० | १९ वटा | २५८४० |
| ७६५।०८१।३।१६ | १७ वटा | २३१२० |
| | जम्मा | ५४४०० |

पालिकाले अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन कार्यविधि तयार गरेको पाइएन । जसले गर्दा अनुगमन समितिमा सदस्य संख्या, काम, कर्तव्य अधिकार, अनुगमन विधि, अनुगमन तालिका, प्रतिवेदन र सो उपरको कारवाही सम्बन्धमा स्पष्टता देखिएन । अत: अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन कार्यविधि तयार गरी सो अनुरुप कार्य गरी मात्र खर्च लेख्ने तर्फ ध्यान दिनु पर्दछ ।

| असुल गर्नुपर्ने | ५४,४०० |
|---|---|

## ३३ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य, पालिका कर्मचारी र संघीय निजामति समेत रु. २ करोड १४ लाख ३० हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## ३४ प्रोत्साहन भत्ता

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ [१]मा स्थानीय सेवाको गठन संचालन व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड सघींय कानुन बमोजिम हुनेछ र त्यस्तै दफा ८६को दफा [२] मा अन्य व्यवस्था स्थानीय तहले बनायको कानुन बमोजिम हुने उल्लेख गरेको छ । पालिकाका कर्मचारीहरुले नियमित कार्यालय समय भन्दा अतिरिक्त समयमा काम गरेको अवस्थामा प्रोत्साहन भत्ता उपलब्ध गराइने उल्लेख गरेको छ । त्यस्तै गाउँपालिकाले मिति २०७८।९।५ गते स्वीकृत गरेको कर्मचारी प्रशासन सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं १८ मा अतिरिक्त समय भत्ता सम्बन्धी व्यवस्था गरे बमोजिम पालिकाले ८ जना कर्मचारीहरुलाई रु.९ लाख ८५ हजार ८९४ भुक्तानी गरेको पाइयो ।

१) पालिकाले २०८०।३।२८ गते १३औं गाउँसभाबाट संचार, इन्धन तथा खाजा खाना वापत नगद वितरण गर्ने निर्णय गरी यस वर्ष सबै कर्मचारीहरुलाई नगद उपलब्ध गराई रु. २० लाख २१ हजार ७९९। खर्च लेखेको छ । साथै विभिन्न मितिमा संचालन गरेको खरिद मूल्यांकन समितिको वैठक लगायतमा कार्यालय समय अघि पछि कार्य गरेको भनी रु. ५ लाख ४ हजार ८००। भत्ता खर्च लेखेको छ ।

२) अतिरिक्त समय काम गरेको विद्युतीय अभिलेख समावेश गरेको छैन । यसरी अतिरिक्त समय भत्ता, संचार, इन्धन तथा खाजा खाना वापत नगद भुक्तानी तथा विभिन्न प्रकारका बैठक भत्ता भुक्तानी भएको देखिएकोले स्पष्ट कार्यसम्पादन सूचक तथा मापदण्ड तयार गरी यस प्रकारको खर्च नियन्त्रण हुनुपर्ने देखिन्छ ।

## ३५ करार कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले रिक्त विभिन्न पदमा कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस

वर्ष रु. २ करोड ४४ लाख ६० हजार खर्च लेखेको छ । लोकसेवा आयोगमा लेखि पठाएको भए पनि पदपुर्ति नभएको तथा पुन लेखि पठाएको छैन । नियमानुसार स्थायी पदपुर्तिका लागि लोकसेवा आयोग पठाई पदपुर्ति हुनुपर्छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणविना इन्जिनियर, असिष्टेण्ट सव इ, अ.न.मी., ल्याब असिस्टेन्ट समेत १३ जना करार कर्मचारीको बिगत बर्षदेखि म्याद थप गरी यस बर्ष तलब भत्ता बापत रु. १ करोड ६० लाख १६ हजार ७१४ भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,६०,१६,७१४ |

३६ **सामुदायिक सिकाई केन्द्र अनुदान**

कार्यक्रम कार्यान्वय पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.११ शैक्षिक पहुच सुनिश्चिचता, अनौपचारीक तथा बैकल्पिक शिक्षा कार्यक्रम अन्तरगत सिकाई केन्द्र संचालन अनुदान सामुदायिक सिकाई केन्द्र संचालन तथा ब्यवस्थापन मापदण्ड २०७८ बमोजिम मापदण्ड पुरा गरे वा नगरेको अनुगमन गरी सिकाई केन्द्रले पेश गरेको प्रस्तावका आधारमा मात्र निकासा दिनु पर्ने उल्ल्ख छ । तर पालिकाले निम्नानुशारका सामुदायिक सिकाई केन्द्रहरुलाई प्रस्ताब माग नगरी सिधै निकासा दिएको देखिन्छ । लेखापरीक्षण अवधिसम्म पनि खर्च पुष्टि हुने विलभरपाई तथा प्रमाण पेश नभएकाले प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| किसान सामुदायिक सिकाई केन्द्र | २५०००० |
| जनजागृति सामुदायिक सिकाई केन्द्र | २५०००० |
| पजरपट्टी सामुदायिक सिकाई केन्द्र | २५०००० |
| सिद्धार्थ सामुदायिक सिकाई केन्द्र | ३७५००० |
| स्वस्वटी सामुदायिक सिकाई केन्द्र | २५०००० |
| जम्मा | १३७५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,७५,००० |

३७ **तालिम**

८२३।०८१।३।२० बाट पालिकाले यस वर्ष पालिकाको शैक्षिक गुणस्तर सुधारको लागि प्रधानाध्यापकहरुको क्षमता विकास तालिम मिति २०८१।३।९ देखि १८ सम्म संचालन गरी निम्नानुसार रु. ८ लाख ६९ हजार २२५ खर्च लेखेको पाइयो । सोको फाँटवारी परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

| क्र सं. | विवरण | रकम |
|---|---|---|
| १ | सहभागि आतेजाते | २६६५०० |
| २ | विविध मसलन्द इन्धन लगायत | ६६२७० |
| ३ | प्रशिक्षक संयोजक तथा व्यवस्थापक | १८०२०० |
| ४ | खाजा खाना तथा विविध मसलन्द | १६९६०० |
| ५ | फलफूल जुस तथा विविध | १९१६० |
| ६ | स्टेशनरी तथा शैक्षिक सामाग्री | ५९७८० |
| ७ | शिक्षक डायरी | ३६३०० |
| ८ | व्यानर फारम तथा विविध | ५३४१५ |
| ९ | प्रतिवेदन | १०००० |
| | **जम्मा** | **८६१२२५** |

१) यस तालिम कार्यक्रममा समावेश गरिएका विषयबस्तु संघीय सशर्त कार्यक्रमबाट समेत समावेश गरी संचालन हुने अवस्थाले खर्चमा दोहोरोपना देखिन्छ ।

२) १० दिन संचालन भएको तालिम कार्यक्रममा सहभागी आतेजाते शिर्षकमा रु. २ लाख ६६ हजार ५०० र इन्धनमा रु. ५५ हजार २७० गरी जम्मा रु. ३ लाख ३२ हजार ७७० खर्च लेखेकोमा नर्म्स अनुसार (प्रति व्यक्ति रु.५००। का दरले १० दिनको ५० जनालाई) रु. २ लाख ५० हजार सम्म खर्च लेख्न मिल्नेमा नम्स भन्दा बढि खर्च रु. ८२ हजार ७७०। असुल हुनु पर्ने देखिएको रु. ८२७७०।

३) तालिम कार्यक्रममा पालिकाले स्टेशनरी आदिमा रु. ९६ हजार ८० खर्च लेखेकोमा नम्स अनुसार ( प्रति व्यक्ति रु २००। का दरले ५० जनालाई ) रु. १० हजार सम्म खर्च लेख्न मिल्नेमा नर्म्स भन्दा बढि खर्च रु. ८६ हजार ८०। असुल हुनु पर्ने देखिएको रु. ८६०८०

४) प्रतिवेदन शिर्षकमा रु १००००। खर्च लेखेकोमा संघीय नम्स बमोजिम प्रति कार्यक्रम रु ३०००। भन्दा बढि भुक्तानी हुनु हुँदैन भन्ने उल्लेखभएकोले बढि भुक्तानी देखिएको रकम असुल हुनु पर्ने रु ७०००

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७५,८५० |

३८ **दिवाखाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को २.८.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाना खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको ब्यवस्था गर्नुपर्ने उल्लेख छ । पालिकामा १५ वटा विद्यालय र १३ वटा मदरसा गरी २८ वटा संचालनमा रहेको देखिन्छ । आ ब २०८०।०८१ मा विद्यालय र मदरसा गरी १९ वटाले मात्र दिवाखाजाको प्रबन्ध गरी जम्मा रु. ६२ लाख ७८ हजार ८९५ भुक्तानी गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको प्रावधान बमोजिम सबै विद्यालय र मदरसामा दिवा खाजाको ब्यवस्था गरी विद्यार्थी भर्ना तथा शिक्षण सिकाईको प्रभावकारीता बढाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३९ **छात्रवृत्ति**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

४० **शिक्षक दरवन्दि तथा विद्यार्थी**

शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । त्यस्तै विद्यालय समायोजन कार्यान्वयन निर्देशिका,२०७० वमोजिम कम विद्यार्थी हुने विद्यालयलाई नजिकको वढी विद्यार्थी भएको विद्यालयमा गाभ्न सकिने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका १९ विद्यालयमा निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा विद्यालय समायोजन ऐन वमोजिम विद्यालयहरु समायोजन भएको छैन ।

| क्र.स. | विद्यालय | कुल विद्यार्थी | शिक्षक संख्या | शिक्षकविद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | रामनरेशयादव आदर्श नमूना.मा.वि. | १९४५ | ३५ | १:५५ |
| २ | पिपरहवामा.वि.,रोहिणी-५ | ५५६ | १५ | १:३७ |
| ३ | पजरकट्टीमा.वि.,रोहिणी-७ | ५८३ | ११ | १:५३ |
| ४ | छिपागढमा.वि.,रोहिणी-४ | ६२५ | १३ | १:४८ |
| ५ | बगहामा.वि.,रोहिणी-१ | ४७६ | १२ | १:३९ |
| ६ | पोखरभिण्डीमा.वि.,रोहिणी-२ | ५५८ | १३ | १:४२ |
| ७ | बोदवारमा.वि.,रोहिणी-६ | ३७५ | ९ | १:४१ |
| ८ | भविष्यउज्वल आ.वि.रोहिणी-४ | २४० | ९ | १२६ |
| ९ | पशुपतीमा.वि.,रोहिणी-६ | ३०५ | १० | १:३० |
| १० | नवजीवनआ.वि.,रोहिणी-४ | १२४ | ६ | १:२० |
| ११ | जनचेतनाआ.वि., रोहिणी-३ | १८९ | ८ | १:२३ |
| १२ | जनजागृतिआ.वि.,रोहिणी-४ | ९७ | ४ | १:२४ |
| १३ | सरस्वतीप्रा.वि.,रोहिणी-७ | १९३ | ५ | १:३८ |
| १४ | रामप्रा.वि.,रोहिणी-२ | १२३ | ३ | १:४१ |
| १५ | त्रिवेणीप्रा.वि.,रोहिणी-२ | १०६ | ४ | १:२६ |
| १६ | मदरसाअरविया असरफिया अहले सु.नु.इस्लाम रोहिणी-३ | ६२ | १ | १:६२ |
| १७ | मदरसा गौसिया अहले सुन्नत नुरुल ओलुम रोहिणी-१ चैनपुर | २८९ | २ | १:१४४ |
| १८ | मदरसा कादरिया अहले सुन्नत ओलुम,रोहिणी-१,दुबौलिया | ६४ | १ | १:६४ |
| १९ | मदरसा गौसिया अहले सुन्नत गरीव नमाज, रोहिणी-२,खुरहुरिया | २७ | १ | १:२७ |

पालिकागत तहगत रुपमा हेर्दा समेत शिक्षक विद्यार्थी अनुपात निम्नानुसार कम रहेको छ । कम विद्यार्थी भएका विद्यालयहरुलाई कानुन वमोजिम समायोजन गरी विद्यालय संचालनलाई प्रभावकारी वनाउनुपर्दछ ।

| क्र.स. | विद्यालकोतह | कुलविद्यालय | कुलविद्यार्थी संख्या | कुलशिक्षक संख्या | शिक्षकविद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| 1 | प्रा.वि. | १५ | २८३४ | ८४ | १:३३ |
| 2 | नि.मा. वि. | ११ | १९१० | २३ | १:८३ |
| 3 | मा.वि. | ८ | १६६८ | २६ | १:६४ |

## ४१ दिवाखाजा बढी निकासा

नेपाल सरकार सशर्त अनुदान अन्तर्गत कार्यक्रम संचालन गर्नको लागी कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/०८१ अनुसार तोकिएका विद्यार्थीको दिवा खाजा विद्यालयले माग गरेको गत शैक्षिक सत्रको विद्यार्थीहरुको उपस्थितीको आधारमा र कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए बमोजिम सम्बन्धित विद्यालयको खातामा अनुदान रकम निकासा दिनुपर्दछ । पालिकाले मदरसा गौसिया अहले सुन्नत नु ओलुम रोहिणी ४ ले दिवा खाजा बापत रु. ३४ हजार २७५ माग गरेकोमा पालिका बाट रु. ३९ हजार ७९५ निकासा भएकोले बढी निकासा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५२० |

## ४२ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाले एन्जल टच हाईजिन म्यानिफ्यक्चरिङ बाट १५१७० थान स्यानिटरी प्याड रु मा रु. २०४७९६६। (मु.अ.कर समेत) मा खरिद गरेको छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

## ४३ कार्यक्रम अनुगमन प्रतिबेदन

स्वास्थ्य तर्फका कार्यक्रम संचालन सम्बन्धी मार्गदर्शन २०८०।०८१ तथा अर्थ मन्त्रालयको कार्यक्रम संचालन सम्बन्धी निर्देशिका २०७७, बमोजिम कुनै पनि कार्यक्रमको अनुगमन मा खटिने पदाधिकारी तथा कर्मचारीले अनुगमन सम्बन्धी कार्य सकिएपछि अनुगमन बाट देखिएका ब्यहोराहरु समाबेश गरेर प्रतिबेदन तयार गरी सो प्रतिबेदन कार्यालयमा पेश गरेपछि मात्र तोकिएको दरमा अनुगमन भत्ता प्राप्त गर्ने ब्यवस्था छ । तर उल्लेखित प्रावधान विपरित पालिकाका कर्मचारी तथा पदाधिकारीहरुले निम्नानुशारका कार्यक्रममा अनुगमन प्रतिबेदन बेगर रु. ९७ हजार भत्ता भुक्तानी लिएकोले अनुगमन प्रतिबेदन पेश गर्नुपर्ने रु.

| भौचरनमिति | कार्यक्रमकोनाम | कर्मचारीसंख्या | रकम |
|---|---|---|---|
| १०१-२०८१।१।१७ | विभिन्न स्वास्थ्य सम्बन्धी कार्यक्रमको अर्धबार्षिक समिक्षा | ७ | १०५०० |
| १०२-२०८१।१।१८ | किशोर किशोरी मैत्री स्वास्थ्य सेवा | ९ | १३५०० |
| १०५-२०८१।१।२१ | पालिकास्तरीय स्वास्थ्य कार्यक्रमको समिक्षा | ९ | १३५०० |
| १२९-२०८१।२।२५ | पोषण विशेष कार्यक्रम | १४ | २५००० |
| १३७-२०८१।३।०६ | विश्व रक्तचाप तथा आत्माहत्या न्युनिकरण कार्यक्रम | ४ | १२००० |
| | निशुल्क स्थायि बन्ध्याकरण शिबिर | ५ | २२५०० |
| | जम्मा | | ९७००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९७,००० |

४४ **छात्रबृत्ति बढी निकासा**

कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०।०८१ का अनुशार सार्बजिनक बिद्यालयमा अध्यनरत बिद्यार्थिहरुका लागि गैरआवासिय छात्रबृत्ति सम्बन्धी ब्यवस्था छ । सो ब्यवस्था अनुशार IEMIS मा प्रबिष्ट तथ्याङ्कको आधारमा बिद्यार्थी संख्या एकिन गरी बिद्यालयको खातामा छात्रबृत्ति बापतको रकम निकासा दिने र बिद्यालयले सम्बन्धित बिद्यार्थीलाइ छात्रबृत्ति रकम बुझाइ सोको भरपाइ अभिलेख तयार गरी पालिकामा पेश गर्नुपर्दछ । निम्न अनुसारका बिद्यालयले छात्रबृत्ति बुझाएको भरपाइ परीक्षण गर्दा निकासा भएको भन्दा कम बिद्यार्थीलाइ छात्रबृति बुझाएको देखिएकाले छात्रबृत्ति बापत बढी निकासा भएको रकम सम्बन्धित बिद्यालयबाट असुल गर्नुपर्ने रु.

| विद्यालय | जम्मा निकासा | वितरण | बढी निकासा |
|---|---|---|---|
| पिपरहवामा.वि.,रोहिणी-५ | ११८८०० | ९८८०० | २०००० |
| छिपागढमा.वि.,रोहिणी-४ | ९२८०० | ८४८०० | ८००० |
| पशुपतीमा.वि.,रोहिणी-६ | १२०८०० | ११०००० | १०८०० |
| मदरसा जामियासेराजुल, रोहिणी-१,दुवौलिया | १२४०० | १०८०० | १६०० |
| जम्मा | ३४४८०० | ३०४४०० | ४०४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,४०० |

४५ **तालिम नर्म्स**

तालिम, गोष्ठी, सेमिनार, कार्यशाला संचालन सम्बन्धी संघीय, प्रादेशीक तथा स्थानीय सरकारहरुले आ आफ्नो खर्चको मापदण्ड, कार्यविधि, निर्देशिकाहरु स्वीकृत गरी कार्यान्वयनमा रहेको देखिन्छ । संघिय कार्यसंचालन निर्देशिका, २०७७, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ (प्रदेश) तथा पालिकास्तरमा स्वीकृत गरेको सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ मा निम्नानुसार खर्च शिर्षकहरुमा भिन्नता रहेको पाइएकोले सो सम्बन्धमा एकरुपता कायम गर्नुपर्ने देखिन्छ ।

| विवरण | कार्यसंचालन निर्देशिका २०७७(संघीय) | सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९(प्रादेशिक) | सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका (पालिकास्तर) |
|---|---|---|---|
| प्रशिक्षक प्रवचन(आन्तरिक) | ० | ० | २०००। |
| प्रशिक्षक कार्यपत्र(आन्तरिक) | १२००। | २०००। | १०००। |
| संयोजक भत्ता | ५०० | १००० | ३००। प्रति सेसन |
| सहजकर्ता | ० | ० | १५०० |
| अनुगमन अधिकृतस्तर | ० | ० | १६०० |
| अनुगमन सहायकस्तर | ० | ० | १२०० |

४६ **निःशुल्क पाठ्यपुस्तयक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यकम कार्यान्वयन पुस्तिका, २०८०/८१ को ३.१ मा प्रति विद्यार्थी सागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहवाट प्राप्त अनुदान रकमबाट शैक्षिकसत्रको सुरुमै पाठयपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै उपलब्ध गराउने, विद्यार्थीले पाठयपुस्तक

बुझेको भरपाइ स्थानीय तहमा पेश गर्ने र स्थानीय तहले समयमा उपलब्धअनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने आदि व्यवस्था छ । यस पालिकाले यो वर्ष ७४८२ विद्यार्थीलाई रु. ४७ लाख ९१९ बजेट खर्च गरी पाठ्यपुस्तक अनुदान उपलब्ध गराएको भएपनि विद्यार्थीले पाठयपुस्तक समयमै प्राप्त गरे वा नगरेको, अपुग तथा वढी भए वा नभएको सम्बन्धमा अनुगमन गरेको देखिएन । पाठ्यपुस्तक वितरण सम्वन्धमा अनुगमन गरी सिकाईको गुणस्तर बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

४७ **अग्रीम कर**

आयकर ऐन २०५८ को दफा ८८(१) बमोजिम भत्ता भुक्तानी गर्दा पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने ब्यबस्था छ । तर पालिकाले निम्न कार्यक्रम संचालन गरी प्रशिक्षण र अनुगमन भत्ता भुक्तानी गर्दा कर कट्टी नगरेकाले नियमानुशार कर कट्टी गरी दाखिला गर्नुपर्ने रु

| गोभौनमिति | कार्यक्रम | जना | रकम | पारीश्रमिककर |
|---|---|---|---|---|
| ७८-२०८०।११।२० | पोषण विशेष कार्यक्रम | १४ | २२००० | ३३०० |
| ९४-२०८१।०१।९ | कोभिड १९ र दादुरा रुबेला खोप अभियान | १८ | २८२०० | ४२३० |
| १२९-२०८१।०२।१५ | पोषण विशेष कार्यक्रम | १४ | २५००० | ३७५० |
| | जम्मा | | ७५२०० | ११२८० |

| असुल गर्नुपर्ने | ११,२८० |
|---|---|

४८ **अग्रीम कर**

आयकर ऐन, २०५८ को दफा ८८(१) ४ मा भुक्तानीमा एक दशमलव पाँच प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले नमुना विद्यालयको शैक्षिक तथा ब्यवस्थापकिय कार्यक्रम अन्तर्गत राम नरेश यादब आदर्श नमुना मा बि लाई रु. ४५ लाख रकम भुक्तानी दिएकोमा निम्नानुसार अग्रीम कर कट्टी नभएकोले अग्रीक कर असुल गर्नुपर्ने रु.

| भौचरनमिति | ब्यावसायि | विलरकम | अग्रीमकर |
|---|---|---|---|
| १५५-२०८१।३।१७ | जेवान टेक्नोलोजी एण्ड ट्रेड प्रालि | १८८०५३ | २८२० |
| | एभरेष्ट चेपर एण्ड स्टील फर्निसिङ एण्ड कन्सर्न | ८७५५०० | १३१३२ |
| | शारदा फर्निसिङ एण्ड कन्सर्न | २०९५०० | ३१४२ |
| | जम्मा | १२७३०५३ | १९०९४ |

| असुल गर्नुपर्ने | १९,०९४ |
|---|---|

४९ **वितरण भरपाई**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा खर्च रकम पुष्टि हुने विल भरपाई संलग्न गरी रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका भौचरबाट खरिद गरेको सामाग्री खर्च लेखेकोमा वितरण भएको प्रमाण संलग्न राखेको पाईएन । खर्च रकम पुष्टि हुने प्रमाण पेश हुनुपर्ने रु.

| भौ नं।मिति | सप्लायर्स | विवरण | रकम |
|---|---|---|---|
| ९१।०८०।७।२३ | श्रेया ट्रेड सप्लायर्स | घाँसको बिउ २७३ के जी | ७९१७०। |
| २६२।०८०।१०।४ | बुद्ध भेट सेन्टर | १६ थरी पशु औषधी | १९७४३१। |
| १६५।०८०।९।३ | बुद्ध भेट सेन्टर | २९ थरी पशु औषधी | २४६९३८। |
| २९०।०८०।१०।१० | खनाल भेट सेन्टर | ११ थरी पशु औषधी | १४९९९९। |
| १२६।०८०।८।१२ | बुद्ध भेट सेन्टर | ८ थरी पशु औषधी | २१७२००। |
| | | **जम्मा** | **८९०७३८।** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,९०,७३८ |

५० **स्थानीय पाठ्यक्रम निर्माण**

८६४।०८१।३।२३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा खर्च रकम पुष्टि हुने विल भरपाई संलग्न गरी रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय पाठ्यक्रम निर्माणमा सहभागि आतेजाते, प्रशिक्षक, मसलन्द, कार्यशाला संचालन, खाजा नास्ता, बैठक, एक्सपोजर भ्रमण तथा विज्ञहरुको लेखन पारिश्रमिक वापत खर्च रु. ५ लाख खर्च लेखेकोमा स्थानीय पाठ्यक्रम तयार गरेपनि स्वीकृत भएको देखिएन । पाठ्यक्रम स्वीकृत गरी उद्देश्य वमोजिम कार्यान्वियन हुनुपर्दछ ।

५१ **गाउँपालिका अध्यक्षसंग बालबालिका कार्यक्रम**

७८४।०८१।३।१७ रकम भुक्तानी गर्दा सम्झौताको सर्त वमोजिम हुनुपर्दछ । गाउँपालिका अध्यक्षसंग बालबालिका कार्यक्रम वापत समता टेलिभिजनलाई ५ वटा विद्यालयमा संचालन, टेलिभिजनमा प्रसारण लगायतको कार्य गर्नेगरी सम्झौता भएकोमा ३ वटा विद्यालयमा मात्र कार्यक्रम संचालन गरेकोमा पुरै रकम रु. २ लाख ८२ हजार भुक्तानी गरेको छ । प्रस्तावना तथा सम्झौता अनुसार २ वटा विद्यालयमा कार्यक्रम नभएकोले उक्त कार्यको रु. १ लाख १२ हजार ८०० असुल हुनु पर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१२,८०० |

५२ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ वमोजिम लाभग्राहीहरुले प्रत्येक वर्षको भाद्र मसान्त चित्र आफ्नो परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तरगत २०८०।८१ मा विभिन्न प्रकारका लाभग्राहीलाई रु. १४ करोड २९ लाख ४१ हजार भुक्तानी भएको छ । आर्थिक वर्ष २०८०।८१ मा भत्ता भुक्तानी लिने लाभग्राही मध्ये मृत्यु, वसाईसराई तथा वालवालिकाको हकमा उमेरका कारण वाहेक निम्नानुसार ११५ जनाले २०८१।८२ का लागि नवीकरण गराएको देखिन । नवीकरण नगराएका व्याक्तिहरुको यो वर्षको भत्ता खर्च रु. ५१ लाख २७ हजार भुक्तानी भएको सम्वन्धमा पालिकावाट अनुगमन तथा छानविन भएको देखिएन । यस सम्वन्धमा एकिन हुनुपर्दछ ।

| लक्षित समूह | संख्या | दर | मासिक जम्मा | वार्षिक जम्मा |
|---|---|---|---|---|
| जेष्ठ नागरिक - अन्य | ९२ | ४००० | ३६८००० | ४४१६००० |
| जेष्ठ नागरिक - दलित | ६ | २६६० | १५९६० | १९१५२० |
| जेष्ठ नागरिक एकल महिला | २ | २६६० | ५३२० | ६३८४० |
| विधवा | ८ | २६६० | २१२८० | २५५३६० |
| पूर्ण अपाङ्गता | १ | ३९९० | ३९९० | ४७८८० |
| अति अशक्त अपाङ्गता | ६ | २१२८ | १२७६८ | १५३२१६ |
| जम्मा | ११५ | | ४२७३१८ | ५१२७८१६ |

५३ **पदाधिकारी तथा सदस्यहरुको बढी इन्धन सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन २०७६ को दफा ४ मा पदाधिकारी तथा सदस्यहरुलाई सम्बन्धित स्थानीय तहले सवारी साधन उपलब्ध गराउनेछ । त्यसैगरी उपदफा ३ मा सवारी साधन उपलब्ध गराएकोमा अनुसूची बमोजिम इन्धन पाउने र यातायात सुविधा पाएका पदाधिकारी तथा सदस्यहरुले इन्धन लिन नपाउने उल्लेख छ । यस सम्वन्धि व्यहोरा देहायमा उल्लेख छ ।

| नाम | पाउने इन्धन | लिएको | बढी लिएको | रकम |
|---|---|---|---|---|
| विद्या प्रसाद यादव अध्यक्ष | १४४० लि. | ३३८२.६८ लि. | १९४२.६८ लि | २९७२३० |
| आविद अली पठान वडाअध्यक्ष | यातायात सुविधा १०००० | १५० लि (डिजल) | १५० लि | २२९५० |
| करम खान वडाअध्यक्ष | यातायात सुविधा १०००० | २६१.२ १ लि. (पेट्रोल) | २६१.२ १ लि. | ४३०९९ |
| विर बहादुर क्षेत्री वडाअध्यक्ष | यातायात सुविधा १०००० | १३० लि(पेट्रोल), ३० लि (डिजल) | १६० लि | २६०४० |
| तारानाथ यादव वडाअध्यक्ष | यातायात सुविधा १०००० | ४५ लि पेट्रोल | ४५ लि | ७४२५ |
| घनश्याम सिंह क्षेत्री वडाअध्यक्ष | यातायात सुविधा १०००० | १५० लि पेट्रोल | १५० लि | २४७५० |
| इन्द्रमान चौधरी वडाअध्यक्ष | यातायात सुविधा १०००० | ९० लि पेट्रोल | ९० लि | १४८५० |
| अन्नान अहमद भाट वडाअध्यक्ष | यातायात सुविधा १०००० | ३५ लि पेट्रोल | ३५ लि | ५७७५ |
| | | | जम्मा | ४४२११९ |

ईन्धन कार्यालय प्रयोजनमा मात्र उपयोग हुनुपर्नेमा गाउँपालिका अध्यक्षको तोकवाट पेट्रोल ३०२ लिटर तथा डिजेल ४४८ लिटर,उपाध्यक्षवाट ६९३ लिटर डिजल,कार्यालय प्रमुखवाट विभिन्न मितिमा पेट्रोल ९५१ लिटर तथा डिजल ५३४ लिटर कार्यालय प्रयोजनवाहिर वितरण गरीएको छ ।कानून विपरित कार्यालय प्रयोजन वाहिर ईन्धन वितरण गर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनुपर्दछ

। साथै उल्लेखित पदाधिकारीहरुले नियममा उल्लेख भएको भन्दा बढी इन्धन लिएको र यातायात सुविधा लिएका सदस्यले समेत इन्धन सुविधा लिएकोले असुल हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ४,४२,११९ |

५४ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार लुम्बिनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकीकरण गर्न वनेको ऐन,२०७६ जारी गरेकोछ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ७४ लाख ४१ हजार सुविधा वापत भुक्तानी भएको छ । जुन सुविधा पालिकाको यस वर्षको आन्तरिक श्रोतको १९.९१ प्रतिशत रहेको छ ।

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष 7 जना | कार्यपालिका सदस्य 6 जना | सभाका सदस्य 24/23 जना | जम्मा 39 जना |
|---|---|---|---|---|---|---|---|
| **1.** | यातायात खर्च | ० | १२००० | ८४०००० | ४३२००० | ८३७०००० | २१२१००० |
| **2.** | टेलिफोन,मोबाइल | ४२००० | ३६००० | ३१२००० | १४४००० | ५५८००० | १०९२००० |
| **3.** | पुस्तक,पत्रीका,ईन्टरनेट | ४८००० | ४८००० | २५२००० | २१६००० | ६९७५०० | १२६१५०० |
| **4.** | समन्वय तथा सहजीकरण | १२०००० | ९६००० | ५०४००० | ३६०००० | ८३७००० | १९१७००० |
| **5.** | अतिथि सत्कार | ७२००० | ६०००० | ३३६००० | ० | ० | ४६८००० |
| **6.** | खानेपानी/बिजुली/ सरसफाई | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| **7.** | चाडपर्व खर्च | १५००० | १५००० | ८४००० | ६०००० | १६८००० | ३४२००० |
| ८ | मर्मत सम्भार र बिजुली | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| | **जम्मा** | ४१७००० | ३८७००० | २३२८००० | १२१२००० | ३०९७५०० | ७४४१५०० |

५५ **साईकल खरिद**

पालिकाले ९ कक्षामा अध्ययनरत वालिकाका लागि ८५ थान साईकल तथा सोका विभिन्न सामानहरु र १७५ थान टाएर खरिदका लागि कोटेसनवाट न्यू लक्ष्मी साईकल सप्लायर्स वाट रु. ७ लाख ७८ हजार ९६५ खरिद गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छन ।

| क्र सं | विवरण | परिमाण | दर | खरिद मूल्य रु. |
|---|---|---|---|---|
| १ | साईकल वास्केट लक वेल सहित | ८५ थान | ८२८२.९० | ७०४०४६ |
| २ | साईकलको टाएर | १७० थान | ४४०.७० | ७४९१९ |
| | | | जम्मा | ७७८९६५।० |

५५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा खरिद गरीने मालसामानको स्पेसिफिकेसन र गुणस्तर वमोजिम भए नभएको जाँच गराउनुपर्ने व्यवस्था रहेको छ । साईकल खरिदको गुणस्तर सम्वन्धमा कुनै किसिमको परीक्षण भएको देखिएन । जसवाट

खरिद भएका साईकल गुणस्तरिय भएको सम्वन्धमा एकिन भएन । खरिद भएका मालसामानको गुणस्तर परिक्षण गरेरमात्र रकम भुक्तानी हुनुपर्दछ । अत: खरिद भएका साईकलहरु गुणस्तरीय भएको सम्वन्धमा एकिन गर्ने नसकिएको तथा खरिद कार्यमा खरिद कानुनको पालना नभएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,७८,९६५ |

५५.२ **लागत अनुमान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा खरिद गरीने मालसामानको लागत अनुमान तयार गर्दा सोको स्पेसिफिकेसनको आधारमा, सार्वजनिक निकाय वा जिल्लाको अन्य सार्वजनिक निकायले सो वर्ष त्यस्तो सामान खरिद गर्दा लागेको लागत, प्रचलित वजारभाउ तथा उद्योग वाणिज्य संघले जारि गरेको दररेटलाई आधार मानी तयार गर्नुपर्ने उल्लेख भए पनि साईकलको लागत अनुमाननै स्वीकृत नगरी सिधै तिनवटा आपुर्तिकर्तावाट दररेट लिई खरिद गरेको छ । जसवाट खरिद भएका साईकलको स्पेसिफिकेसनको आधारमा मूल्य एकिन हुने अवस्था देखिएन । खरिद नियमावली वमोजिम मालसामानको स्पेसिफिकेसन तयार गरी सोही वमोजिम खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

५६ **फरक कार्यक्रममा खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) बमोजिम वजेट खर्च गर्दा बजेट र कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्दछ । प्रदेश सरकारद्धारा हस्तान्तरीत सशर्त कार्यक्रममा निम्नानुसारको वजेट विनियोजन तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयनको लागि पठाएकोमा स्वीकृत कार्यक्रम भन्दा फरक हुने गरी वजेट खर्च गरेको देखियो ।

| क्र सं. | भौचर नं मिति | स्वीकृत कार्यक्रम | विनियोजन | खर्च गरेको कार्यक्रम | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | ५।२०८०।१२। २५ | पोखरभिण्डा मदरसा देखि खोखरहनी कालोपत्रे | २० लाख | पोखरभिण्डा मदरसा देखि खोखरहनी पि.सि.सि. | १७३६६१५ |
| २ | १३।८१।२।२३ | स्वास्थ्य चौकी भवन वडा नं ६ | २० लाख | वडा न. ६ को सडक निर्माण | १०६४०३५ |
| | | | | जम्मा | २८००६५० |

यसरी फरक कार्यक्रममा रकम खर्च गरेकोमा सोको प्रदेश सरकारवाट कार्यक्रम संसोधन गरेको छैन। अत: स्वीकृत बजेट र कार्यक्रम विपरित रकम खर्च गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २८,००,६५० |

५७ **वितरणमूखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च रु. ८८ लाख ४९ हजार ६९४ गरेको छ । वितरणमुखी खर्चलाई नियन्त्रण गरी प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

| | भौ नं। मिति | संस्था | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ३७२। ०८०। ११।२० | एच आर इन्टरप्राइजेज | ३९९५९६ | ३७५ थान स्कूल व्याग खरिद मध्ये ८६ थान वितरण गर्न बाँकी |
| २ | ७००। ०८१।३। ९ | विभिन्न विद्यालय | २००००० | साइकल, ब्याग, डायरी आदि |
| ३ | ६६५। ०८१।२। २५ | शुभ लाभ सप्लायर्स | २०८०१९ | २२० सेट स्कूल ड्रेस खरिद (नागरिक सहायता कक्ष व्यवस्थापन तथा हेल्प डेस्क कर्मचारी शिर्षकबाट भुक्तानी) |
| ४ | ५४३। ०८१।१२ | स्वास्थ्य शाखा प्रमुख श्री रामनेवास प्रसाद कुर्मीला | ८९३२६। | १७ थान डेस |
| | | **शैक्षिक सामाग्रीजम्मा** | **८९६९४१** | |
| ५ | २७८। ०८०। १०।७ | अमझरी ट्रेडिङ्ग | ४९९९१२ | ४०० थान ब्लान्केट पालिका (अधिकांश औठा छाप भरपाई) |
| ६ | ४७९। ०८०। १२।२६ | अमझरी ट्रेडिङ्ग | १९७९३५ | १३२ थान ब्लान्केट वडा नं २ |
| ७ | ४७४। ०८०। १२।२६ | अमझरी ट्रेडिङ्ग | ९८९६७ | ६६ थान ब्लान्केट वडा नं २ (अधिकांश औठा छाप भरपाई) |
| ८ | ७३४। ०८१।३। १२ | अमझरी ट्रेडिङ्ग | ९९६२६ | व्याग ७७ थान |
| ९ | ४६२। ०८०। १२।२५ | अमझरी ट्रेडिङ्ग | ९९६६६ | ६० थान त्रिपाल (सबै औठा छाप भरपाई पेश) |
| १० | ३०६। ०८०। १०।१८ | अल शाहिद इन्टरप्राइजेज | २९९२५० | १०५ थान ब्लान्केट वडा नं ५ |
| ११ | ८०९।३। १९ | अविद अलि पठान | ३८८०३ | त्रिपाल र जस्तापाता |
| १२ | ८२७। ०८१।३। २० | एच आर इन्टरप्राइजेज | १४२४६४ | रेनकोट, व्याग आदि वडा नं २ |
| १३ | ६१२। ०८१।१। | कदम महिला कृषि सहकारी संस्था लि | ९४७१५ | ३७ जनालाई डिलेभरी पाइप |

| | | | | |
|---|---|---|---|---|
| | २५ | | | |
| १४ | २८४। ०८०। १०।९ | खाटु श्याम जनरल अर्डर सप्लायर्स | ३९९७६३ | २०७ थान ब्लान्केट वडा नं १ |
| १५ | ४०९। ०८०। १२।४ | खाटु श्याम जनरल अर्डर सप्लायर्स | ७६१६२ | ४० थान ब्लान्केट वडा नं १ |
| १६ | ८२५। ०८१।३। २० | गौरी जनरल अर्डर सप्लायर्स | ३९०४१ | हर्न माइक्रो फोन |
| १७ | २३९। ०८०।९। २४ | गौरी जनरल सर्डर सप्लायर्स | २९९२२४ | ४०० थान झुल मध्ये २३९ थान वितरण गर्न बाँकी (अधिकांश औठा छाप भरपाई) |
| १८ | ६६०। ०८१।२। २५ | गौरी जनरल सर्डर सप्लायर्स | १०००००० | १४० थान झुल मध्ये (अधिकांश औठा छाप भरपाई) |
| १९ | २९५। ०८०। १०।११ | गौरी जनरल सर्डर सप्लायर्स | ३९७१९ | १ थान टंकी वितरण भरपाई हेर्ने |
| २० | ६७०। ०८१।२। २९ | ग्रामिण महिला उद्धम सहकारी संस्था लि | ९५००० | ४३ जनालाई डिलेभरी पाइप |
| २१ | ५६१। ०८१।१। १७ | चौरसिया ट्रेड एण्ड सप्लायर्स | १२९९५० | झोला खरिद |
| २२ | ७९५। ०८१।३। १८ | जय नेपाल ट्रेडर्स | ३४३७४६ | रेनकोट व्याग छाता ५० सेट |
| २३ | ७८२। ०८१।३। १७ | जय नेपाल ट्रेडर्स | ४४०७०० | रेनकोट, व्याग आदि गाँउसभा |
| २४ | ७३४। ०८१।३। १२ | जय नेपाल ट्रेडर्स | ६२९८६ | खेलाडीलाई साइकल ६ थान |
| २५ | २८९। ०८०। १०।१० | दिव्या ट्रेड एण्ड सप्लायर्स | २७९९०८ | १८६ थान ब्लान्केट वडा नं ४ |
| २६ | ८२९।३। २० | दिव्या ट्रेड एण्ड सप्लायर्स | २९०४१ | त्रिपाल र जस्तापाता |
| २७ | २५५। | दिव्या ट्रेड सप्लायर्स | २९८९१३ | स्प्रे मेशिन ५८ थान वडा नं १ |

| | | | | |
|---|---|---|---|---|
| | ०८०। १०।३ | | | |
| २८ | २६७। ०८०। १०।४ | नारायण क्लथ स्टोर्स | १९८८४२ | ७७ थान ब्लान्केट वडा नं ७ |
| २९ | २६८। ०८०। १०।४ | नारायण क्लथ स्टोर्स | १५८७५३ | ६३ थान ब्लान्केट वडा नं ७ |
| ३० | २६९। ०८०। १०।४ | नारायण क्लथ स्टोर्स | २८७४६८ | १३५ थान ब्लान्केट वडा नं ७ |
| ३१ | २९१। ०८०। १०।१० | न्यू लक्ष्मी साइकल सप्लायर्स | २६२२२ | ३ थान साइकल वितरण भरपाई हेर्ने |
| ३२ | ८०६।३। १८ | भवानी ट्रेड कन्सर्न | ३९९९९९ | वडा नं ३ वाटर कुलिङ्ग ३ थान स्टिल ट्यांकी |
| ३३ | २८६। ०८०। १०।९ | माँ जनरल अर्डर सप्लायर्स | ७५७१० | १ थान ए सि |
| ३४ | ८२५। ०८१।३। २० | माँ जनरल अर्डर सप्लायर्स | ३९०४१ | हर्न माइक्रो फोन |
| ३५ | ८०९। ०८१।३। १९ | वडा अध्यक्ष श्री अविद अलि पठान | ३८८०३ | त्रिपाल तथा जस्ता वितरण वडा नं १ |
| ३६ | ६१७। ०८१।१। २५ | वडा सचिव श्री सोनु थापा | १००००० | कम्बल, मोबाइल, झोला, छाता १० सेट |
| ३७ | ५०५। ०८०। १२।२८ | वडा सदस्य श्री रेखा हरिजन वडा नं ७ | ९२८२६ | १३ जनालाई शौचालय रिंग सेट वितरण |
| ३८ | ६३५। ०८१।२। २० | विभिन्नलाई वडा नं ७ | १००००० | झोला छाता आदि १४ सेट |
| ३९ | ३००। ०८०। १०।१६ | शिव जनरल अर्डर सप्लायर्स | ७७५३५ | सिलाई मेशिन ४ थान |
| | | **ब्लान्केट आदि जम्मा** | **५८००६९०** | |
| ४० | ७७६। ०८१।३। | घिमिरे स्पोर्टस | ५८३१८० | खेल सामाग्री |

| | | | | |
|---|---|---|---|---|
| | १६ | | | |
| ४१ | २७२। ०८०। १०।५ | जय जनरल अडर सप्लायर्स | ९९९३९ | क्रिकेट व्याट ३२ थान, टेनिस बल ३२ थान, भलिबल २८ थान, बेबि बल २१ थान, वितरण भरपाई हेर्ने |
| ४२ | २९८। ०८०। १०।१६ | जय जनरल अडर सप्लायर्स | ९९६७८ | क्रिकेट व्याट बल स्टाम आदि |
| ४३ | ८२५। ०८१।३। २० | जय जनरल अडर सप्लायर्स | ९८८९१ | भलिबल क्रिकेट आदि |
| ४४ | ३०४। ०८०। १०।१८ | शिफा इन्टरनेशनल | ९९९९३ | क्रिकेट, व्याट, बल, फुटबल, भलिबल आदि |
| ४५ | ३२३। ०८०। १०।२८ | शिफा इन्टरनेशनल | ९९९२५ | क्रिकेट, व्याट, बल, फुटबल, भलिबल आदि |
| ४६ | ४२७। ०८०। १२।८ | शिफा इन्टरनेशनल | ५६७४२ | क्रिकेट, व्याट, बल, फुटबल, भलिबल आदि वितरण भरपाई हेर्ने |
| ४७ | ५०८। ०८१।१। २ | शिफा इन्टरनेशनल | १९९३६० | क्रिकेट, व्याट, बल, भलिबल आदि |
| | | **खेल सामाग्री जम्मा** | **१३३७७०८** | |
| ४८ | ८२०। ०८०।३। २० | पाल्हीनन्दन ट्रेनिङ्ग सेन्टर | ९४३५५ | अभिभावक शिक्षा कार्यक्रम |
| ४९ | ५११। ०८१।१। २ | वडा सचिव श्री लव बहादुर घर्ती | २००००० | ३० जनालाई गुडिया तथा डल बनाउने तालिम |
| ५० | ६८२। ०८१।३। २ | वडा सचिव श्री लव बहादुर घर्ती | ३००००० | ३० जनालाई ब्यूटि पार्लर तालिम |
| ५१ | ६७१। ०८१।२। २९ | सरस्वती सामुदायिक सिकाई केन्द्र | २००००० | ३० जनालाई बुटिक हस्तकला तालिम |
| ५२ | ६९३। ०८१।३। ५ | सरस्वती सामुदायिक सिकाई केन्द्र | २०००० | २५ जनालाई बुटिक हस्तकला तालिम दिने प्रस्तावनामा उल्लेख भएकोमा खाजामा रु१०७१०।, स्टेशनरीमा रु६४३०। तथा गाडि भाडा रु९०००। भुक्तानी भएको पाइयो । |
| | | **तालिम आदि** | **८१४३५५** | |
| | | | | |

| | | कूल जम्मा | ८८४९६९४ | |
|---|---|---|---|---|

५८ **बालिका वीमा कार्यक्रम**

रोहिणी गाउँपालिका भित्र हुने बालविवाह र महिला हिंसाका घटनाहरू न्यूनिकरण गर्न, गरिबी तथा अशिक्षाका कारण छोरीहरूले पढाई छोड्ने प्रवृतिको अन्त्य गर्न, स्वास्थ्य संस्थामा हुने प्रसुतीको संख्या वृद्धी गरी मातृ तथा शिशु मृत्युदरमा कमी ल्याउन साथै लिङ्ग पहिचान गरी छोरी भएकै कारणले गरिने भ्रुण हत्या बन्द गर्ने कार्यमा सहयोग पुयाउने उद्देश्यले बालिका बीमा कार्यक्रम संचालन गरी प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडलाई १७३ जना बालिकाहरुको विमा वापत रु. २९ लाख ९३ हजार ६५६ खर्च लेखेको छ । पालिकामा उक्त बालिकाहरुको विमा अभिलेख पोलिसि राखेको पाइएन । अत: सम्बन्धित विमा कम्पनीबाट विमा पोलिसी तथा उक्त खर्च पुष्टि हुने फाँटवारी पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,९३,६५६ |

५९ **अवलोकन भ्रमण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (१) मा पालिकाहरुले आफनो अधिकारक्षेत्र भित्रका स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाइ लागु गर्नु पर्ने उल्लेख छ । त्यस्तै उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाइ प्राथमिकता दिनुपर्ने पालिकाले जनप्रतिनिधि कर्मचारीको अवलोकन भ्रमणमा बजेट विनियोजन गरी खर्च लेखेको छ । पालिकाले निम्नानुसार भौचरबाट अवलोकन भ्रमण कार्यक्रममा रु. ११ लाख खर्च लेखेको पाइयो । साथै यातायात खर्च र खाना खर्च नगदै वितरण गरेको देखाएकोले उक्त खर्च एकिन गर्न सकिएन । यस्ता उपलब्धि प्राप्त नहुने कार्यक्रममा खर्च नियन्त्रण गरी छिटो प्रतिफल प्राप्त गर्न सकिने योजना संचालन हुनुपर्दछ ।

| क्रसं. | भौ नं। मिति | संस्था | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १७३।०८०।९।४ | वडा सचिव सोनु थापा | २५००००। | वडा समिति र वडाका कर्चमारी विभिन्न जिल्लाहरु वडा नं ५ |
| २ | ३२२।०८०।१०।२८ | वडा सचिव श्री आनन्द लाल कर्ण | २०००००। | वडा समिति र वडाका कर्चमारी विभिन्न जिल्लाहरु वडा नं ७ |
| ३ | ५७४।०८१।१।१८ | अवलोकन भ्रमण | २५००००। | वडा समिति र वडाका कर्चमारी विभिन्न जिल्लाहरु वडा नं ४ |
| ४ | ६५९।०८१।२।२४ | कार्यपालिका सदस्य श्री नियामत अलि नाउ | ४०००००। | जनप्रतिनिधि, कर्चमारी तथा समाजसेवी विभिन्न जिल्लाहरु २०८१।१।१९ देखि २३ सम्म<br>सहभागी : ३० जना (समाजसेवी : १० जना)<br>**देखिएका व्यहोराहरु**<br>नगद वितरण २५ जनालाई रु१०९०००।<br>यातायात : १२००००।<br>खाजा खाना : १६६१२०। |
| | | जम्मा | ११००००० | |

६० **मूल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६(ग) १ वमोजिम आपुर्ति हुने वस्तु तथा सेवाको वापत करार वमोजिम भुक्तानी हुने रकमको मूल्य अभिवृद्धिकरको तिस प्रतिशतले हुन आउने रकम कट्टा गरी निजको नामवाट सम्वन्धित राजश्व शिर्षकमा दाखिला गरी वाँकी रकम भुक्तानी गर्नुपर्नेमा कट्टा नगरी निम्नानुसार सवै रकम भुक्तानी भएको पाईएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| क्र.सं. | गो भौ नं. र मिति | फर्मको नाम | मु. अ. कर रकम | तिस प्रतिशतले हुने रकम |
|---|---|---|---|---|
| १ | ३।८०।७।१४ | एभरेष्ट चियर एण्ड स्टिल फर्निचर | १८२०० | २३६६ |
| २ | ४।८०।७।१४ | प्लाज्मा कम्प्युटर | १६९५८ | २२०४ |
| ३ | ९।८०।७।२३ | न्यू ईन्ट्राएक्टिभ कम्प्युटर | ११००४० | १४३०५ |
| | | जम्मा | १४५१९७ | १८८७५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,८७५ |

६१ **वढी भुक्तानी**

१५८।२०८१।३।१५ सोझै खरिदको रकम भुक्तानी गर्दा सम्झौता वमोजिमको दरमा भुक्तानी हुनुपर्नेमा विपन्न परिवारलाई जस्तापात खरिदको लागि गुप्ता व्रदर्श मेसिनरी पार्टस एण्ड हार्वेयर सप्लायर्स लाई २४ वण्डल जस्तापात प्रतिवण्डल रु. ६८५०।० मूल्य अभिवृद्धि कर समेतका दरले रु. १ लाख ६४ हजार ४०० भुक्तानी दिनुपर्नेमा भुक्तनी रु. १ लाख ८५ हजार ७७२ भुक्तानी भएकोले रु. २१ हजार ३७२ वढी भुक्तानी भएको छ । उक्त वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,३७२ |

६२ **गत विगतको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१५) मा भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये स्वीकृत दरवन्दीको तलब, महंगी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधी उपचार विरामी र बन्दीको सिधा, सेवा निबृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसंग भएको सम्झौताको खर्चको भुक्तानी बाँकी रहेमा चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा सूचना प्रणालीमा प्रविष्ट गराइ भुक्तानी दिन सक्ने उल्लेख छ । सो विपरित चालु तर्फवाट निम्नानुसारको रु. २१ लाख ७४ हजार ४२४ खर्च लेखेको उक्त खर्च कानून बमोजिम भुक्तानी दिन बाँकी प्रमाणित गर्न मिल्ने नदेखिएको अनियमित रु.

| क्र सं | भौ नं। मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ४०। २०८०/०७/१३ | कोटहीमाई किराना पसल | ५०१४० | सामाजिक सहायता |
| २ | ५५। २०८०/०७/१४ | वडा सचिव बलिराम चौधरी | २०००० | गाडि भाडा भुक्तानी |
| ३ | २००। २०८०/०९/१२ | कोटहीमाई किराना पसल | ९०७९० | सामाजिक सहायता |
| ४ | २०१। २०८०/०९/१२ | कोटहीमाई किराना पसल | ७६२४० | सामाजिक सहायता |
| ५ | ३५७। २०८०/११/०६ | विभिन्न ७ जना | १८७४५ | सामाजिक सहायता |
| ६ | ६७३। २०८१/०२/२९ | कोटहीमाई किराना पसल | १४०८५ | सामाजिक सहायता गत |
| ७ | २०८। २०८०/०९/१२ | विभिन्न | ९५१८० | विपन्न नागरिक तथा मृत्यु संस्कार तथा अन्य सहायता भुक्तानी बाँकी |
| ८ | १२९।०८०।८। १२ | गोकुल प्रसाद थापा | ७०००० | गाडि भाडा २०८० असार |
| ९ | २०४।०८०।९। १२ | पुजा सप्लायर्स | ९०२९७० | २०० जनालाई पान विलबाट काजक्रिया तथा भण्डाराको लागि आलु चिनी चिउरा आदि खरिद भुक्तानी |
| १० | २०५।०८०।९। १२ | तिलोत्तमा सामुदायिक संस्था | १०७५१० | जुत्ता चप्पल बनाउने तालिम २०८०।१।११ देखि १६ सम्म |
| ११ | २१४।०८०।९। १३ | का स पवन कुमार गौंड | ४००००० | दुर्गा पुजा अर्चना तथा धार्मिक अनुष्ठान कार्यक्रम २०७९ असोजको बिल भरपाई |
| १२ | २१५।०८०।९। १३ | मदरसा अरविया अहले सुन्नत नूरुल ओलूम पोखरभिण्डा | १०००० | धार्मिक प्रवचन २०८०।१।२० खर्च |
| १३ | २२०।०८०।९। १९ | शुभलाभ सप्लायर्स | ४०६८० | ६० थान सल खरिद २०८०।३।१२ |
| १४ | २३३।०८०।९। २३ | सिया किराना फलफुल तथा तरकारी पसल | ९९९२५ | काजक्रिया तथा भण्डाराको लागि आलु चिनी चिउरा आदि खरिद भुक्तानी गत वर्ष |
| १५ | ४२१।०८०। १२।५ | सिया किराना फलफुल तथा तरकारी पसल | १४२१५९ | काजक्रिया तथा भण्डाराको लागि आलु चिनी चिउरा आदि खरिद भुक्तानी गत वर्ष |
| १६ | ९३।८०।७।२३ | शिव संकर स:मिल | ३६००० | फर्निचर खरिद |
| | | | २१७४४२४ | |

| | |
|---|---|
| अनियमित भएको | २१,७४,४२४ |

६३ **विल पेश नभएको**

२०५।८१।३।२१ निर्माण व्यवायी संग भएको खरिद सम्झौता वमोजिम प्रोभिजनल सम वापतको रकम भुक्तानी गर्दा सोको विल भर्पाई पेश भए पछी सो वमोजिमको रकम भुक्तानी हुनुपर्दछ । पालिका भवनको निर्माण कार्यको निर्माण व्यवसायी मां गायत्री निर्माण सेवाले भवनको फाउण्डेसनको कार्य गर्दा डिवाटरिङ्ग कार्य गरे वापत प्रोभिजनल समको रु. १ लाख ३५ हजार भुक्तानी भएकोमा सोको विल भरपाई पेश भएन । अत: उक्त कार्यको विलभरपाई पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३५,००० |

## ६४ पेश्की वाँकी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ तथा खरिद सम्झौताको विशेष सर्त वमोजिम निर्माण व्यवसायीले पाउने पेश्कीका लागि पेश्की फर्स्यौट गर्नुपर्ने अवधि भन्दा एक महिना वढी अवधिको वैक जमानत पेश गर्नुपर्ने व्यवस्था रहेको छ । बेलराइ राजा चोकमा धर्मशाला निर्माणको निर्माण व्यवसायी नेसनल मल्टि वील्डर्सले खरिद सम्झौता वमोजिमको अवधि २०८०।२।३० भित्र निर्माण कार्य सम्पन्न नगरेको तथा वाँकी रहेको पेश्की रु. १४ लाख पर्स्यौट तथा जफत नभएकोमा जमानतको म्याद समाप्त भएकोले २०८१।२।३० सम्म १ वर्षको ब्याज रु. १ लाख ४० हजार समेत रु. १५ लाख ४० हजार सहित असुल फर्स्यौट हुने अवधि सम्मको व्याज लिई कानुन वमोजिम असुल फर्स्यौट हुनुपर्ने रु.

| | |
|---|---|
| पेश्की | १५,४०,००० |

## ६५ सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । निम्नानुसार सफ्टवेयर खरिद गरी रु. ३लाख खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| क्र सं. | भौ नं। मिति | संस्था | रकम |
|---|---|---|---|
| १ | ६१३।०८१।१।२५ | योजना अनुगमन मूल्यांकन तथा प्रगति विवरण सफ्टवेयर | ७७५००। |
| २ | ८४।०८०।७।२१ | शाग्रिला इन्फरमेटिक्स् प्रा.लि. | २,२२,५२८ |
| | | जम्मा | ३०००२८ |

## ६६ कम्प्युटर तथा प्रिन्टर आदि मर्मत

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ वमोजिम रु. १० लाख सम्मको खरिद कार्य गर्दा कोटेसन लिई गर्न सक्ने तथा सोही नियमावलीको नियम १९ वमोजिम रु. २० हजार भन्दा वढीको खरिद कार्य गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको सँग गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष कम्प्युटर तथा प्रिन्टर आदि मर्मत वापत मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च थप शिर्षकबाट यदुवंशी कम्प्युटर इन्स्टिच्युटलाई रु ९,५५,९०६ खर्च लेखेको पाइयो । कम्प्युटर तथा प्रिन्टर आदि मर्मत गर्दा पालिकाले मर्मत सम्भार तथा संरक्षण आवेदन फाराम प्राप्त विलको आधारमा एकमुष्ठ भर्ने गरेको देखिन्छ । यसबाट आन्तरिक नियन्त्रण व्यवस्था रहेको देखिँदैन । केही उदाहरण निम्नानुसार छन् ।

| क्र सं | भौ नं.र मिति | संस्था | रकम |
|---|---|---|---|
| १ | ६१४।०८१।१।२५ | यदुवंशी कम्प्युटर इन्स्टिच्युट २३ थान पान बिल | ११२२१२। |
| २ | १४८।०८०।८।२४ | यदुवंशी कम्प्युटर इन्स्टिच्युट १३ थान पान बिल | १३२४९५ |

## ६७ नागरिक सहायता केन्द्र खर्च

गाउँपालिकाबाट प्रदान गरिने सेवा तथा सुविधाको वारेमा जानकारी दिने तथा सेवा प्रदान गर्ने कार्य जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीको मुख्य कार्य रहेकोमा पालिकाले गाउँपालिका र ७ वटै वडाबाट दिने सेवा सुविधा वारेमा सहजीकरणको लागि ८ वटा नागरीक सहायता कक्ष संचालनमा ९ जनासंग करार सम्झौता गरी रु. १६ लाख २० हजार खर्च लेखेको छ । पालिकाका जनप्रतिनिधि तथा कर्मचारीबाट सेवा प्रवाह हुनेमा नागरिक सहजीकरणको लागि खर्च लेखेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,२०,००० |

६८ **जनप्रतिनिधिवाट कार्य**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ वमोजिम पालिकाका निर्वाचित पदाधिकारीको कार्य योजना, बजेट तर्जुमा गर्ने, स्वीकृत गर्ने, समन्वय सहजिकरण लगाएतको कार्य गर्नेगरी तोकिएको छ । निर्वाचित पदाधिकारीले पेश्की लिई वजेट कार्यान्वयन गर्न मिल्ने देखिदैन । पालिका अन्तर्गत निम्नानार विभिन्न पदाधिकारीहरुले कार्य गरेको भनी सिधै रकम भुक्तानी लिएको देखियो । कानुन विपरित वजेट पेश्की लिने तथा खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्ने तथा यसरी गरीएको खर्च अनियमित देखिएको रु.

| क्र सं. | भौचर नं र मिति | कामको विवरण | भुक्तानी लिने पदाधिकारी | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ३२।८०।१०।१० | विभिन्न अमानतिकार्यकव भुक्तानी | वडा सदस्य चन्द्रिका प्रसाद धवल | ४७४१२ |
| २ | ६६।८०।१२।१५ | शिव मन्दिर मर्मतरंगरोगन | वडा सदस्य चन्द्रिका प्रसाद धवल | ४८३७४ |
| ३ | ८०।८१।१।१२ | अमानतबाट कार्य गरे बापतको रकम | वडा सदस्य जुद्धप्रकाश चौधरी | ८५५७३ |
| ४ | १३९।८१।३।५ | अमानतबाट कार्य गरेबापतको | ३ नं वडा अध्यक्ष बीर बहादुर क्षेत्री | ९४४७७ |
| ५ | १४७।८१।३।९ | अमानतबाट कार्य | २ नं वडा अध्यक्ष करम हुसैन खान | ९४३३४ |
| ६ | १७१।८१।३।१६ | अमानतबाट कार्य गरेबापतको रकम | वडा सदस्य राजन यादव | ४७३३२ |
| ७ | २३४।८१।३।२४ | अमानतबाट कार्य गरेबापतको रकम | वडाअध्यक्ष करम हुसैन खान | ४२४५२ |
| ८ | ६५९।०८१।२।२४ | अवलोकन भ्रमण | कार्यपालिका सदस्य श्री नियामत अलि नाउ | ४०००००। |
| | | | जम्मा | ८५९९५४ |

| | |
|---|---|
| अनियमित भएको | ८,५९,९५४ |

६९ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष विभिन्न शिर्षकबाट रु. १८ करोड ३२ लाख ५१ हजार खर्च गरेकोमा रु. ३ करोड ७८ लाख ३० अर्थात २०.६४ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ । कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु. ७६ लाख ३८ हजार, सोझै रु. २ करोड २५ लाख ५२ हजार र उपभोक्ता समितिबाट रु. ४ करोड २६ लाख ३१ हजार को खरिद गरेको छ । सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

७० **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु. १० लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष सोझै खरिद गरेको रु २ करोड २५ लाख ५२ हजार मध्ये निम्नानुसारको विभिन्न खरिदमा उल्लेखित कानुनको पालना भएको देखिएन ।

| क्र सं. | भौचर नं र मिति | विवरण | निर्माणव्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | २२।२०८०।९।६ | विभिन्न निर्माण | लक्ष्मी कन्ट्रक्न | ७४८८९४ |
| २ | ३९।२०८०।१०।२४ | औरहवा गाउँ वाटो ढलान | सम्झना कन्ट्रक्सन | ४७०२१६ |
| ३ | ४०।८०।१०।२६ | वोरिङ जडान कार्य | दियान्सी ट्रेडर्स | ८१६६९१ |
| ४ | ५४।८०।११।३० | कोटहवा गाउँमा पि सि सि | स्वामीहरि कन्ट्रक्सन | ५६१५०८ |
| ५ | ५९।२०८०।१२।१३ | छिपागढ देखि कोटहवा ग्राभेल | एस आर के वील्सर्स | ७३१८५७ |
| ६ | ८२।८१।१।१७ | ह्युमपाईप तथा वोरिङ खरिद | एक के ईन्ड्रस्ट्रिज प्रा.लि. | २३९१८१ |
| ७ | ९३।८१।१।२५ | विभिन्न कृषि सडक मर्मत | माली व्रदर्श | २७७२०६ |
| ८ | ११९।८१।२।२० | वडा स्तरिय कृषि सडक | शम्भु कन्ट्क्सन | २८४४३८ |
| ९ | ११५।८१।२।२८ | कोटहवामारामजानीमन्दिर धर्मशाला निर्माण | शम्भु कन्ट्रक्सन | ३८७३५४ |
| १० | ११४।८१।२।२५ | सेमरा गाउँमा पि सि सि ढलान | जय दुर्गे कन्ट्रक्सन | २८२५६३ |
| ११ | १३४।८१।३।२ | धकधई सदानन्द वाटो निर्माण | एम कन्ट्रक्सन | ४२६५२५ |
| १२ | १२४।८१।२।३२ | ईन्द सहनीको टोलमा नाला निर्माण | रोयल रामग्राम कन्ट्रक्सन | ८४४५६१ |
| १३ | १४६।८१।३।९ | वोरिङ खरिद तथा जडान | जयमा दुर्गा हार्डवेयर | ८१७०७८ |
| १४ | १५३।८१।३।१० | वगाह स्वा चौकी ट्रस | शैलेश निर्माण सेवा | ४५०१४९ |
| १५ | १६९।८१।३।१६ | पिपरा सरस्वति मन्दिर निर्माण | नेशनल कन्ट्रक्सन | ४७८७८६ |
| १६ | १६८।३।१८ | ह्याण्ड पाईप खरिद | न्यू लुम्बिनी ट्रेडर्स | २६८३७५ |
| १७ | १६४।८१।३।१४ | स्यालो स्युवेल | गुप्ता व्रदर्श | ३५९५२१ |
| १८ | १६३।८१।३।१४ | वरवा गाउँ पि सि सि | ज्योति कन्ट्रक्सन | ९५६१९२ |
| १९ | १५८।८१।३।१२ | जस्तापाता खरिद | गुप्ता व्रदर्श एण्ड मेसिनरी | २३३५०३ |
| २० | १९०।८१।३।२० | पोलतार खरिद वसन्तपुर | के आर आर सप्लाएर्स | ६४८७१० |
| २१ | २०२।८१।३।२१ | वरहवा कोटही माई मन्दिर मर्मत | आदित्य कन्ट्रक्सन | ३७८९८१ |
| २२ | २०१।८१।३।२१ | भरवलिया टोलमा सडक मर्मत | एम के के कन्ट्रक्सन | २८६५९१ |
| २३ | १९६।८१।३।२० | वडा नं ७ को विभिन्न निर्माण | के के सि कन्ट्रक्सन | ९३३३९० |

| | | | | |
|---|---|---|---|---|
| २४ | १९५।८१।३।२० | वडकीखुरखुरिया कालिमाई थान नाला निर्माण | केएनपाल्हीनन्दन कनस्ट्रक्सन | २७८२८९ |
| २५ | २११।८१।३।२३ | डगरमरवा शिवमन्दिरसम्मको नाला निर्माण | वाई वाई एण्ड कन्ट्रक्सन | ६६९३५० |
| २६ | २०८।८१।३।२३ | तरकुला मन्दिर निर्माण | आदित्य कन्ट्रक्सन | १८५७३७ |
| २७ | २०७।८१।३।२३ | परसनाथ योगि टोलमा पि सि सि | पटेल कन्क्सन | २६५५८३ |
| २८ | २०३।८१।३।२१ | वडाकार्यालय जामे मस्तिज जाने वाटो पिसिसि | माली ब्रदर्श | ५४८७५६ |
| २९ | २२०।८१।३।२३ | रामनगर सि सि सि ढलान | दुवोजी निर्माण सेवा | ५०५३०२ |
| ३० | २१९।८१।३।२३ | चेतमानको घरदेखि सडक सम्म पि सि सि | पटेल निर्माण सेवा | ४४६८६८ |
| ३१ | २१७।८१।३।२३ | वडा नं १ को विभिन्न वाटो मर्मत | रोयल एस के कन्ट्रक्सन | ७५८९९८ |
| ३२ | २१५।८१।३।२३ | तुरिया नदिमा तटवन्ध | वाउन्नकोटि कन्ट्क्सन | २९९६९५ |
| ३३ | २२५।८१।३।२३ | वगाहा प्रहरी चौकी सुधार | अनिका कन्ट्रक्सन | ६२१०८५ |
| ३४ | २२३।८१।३।२३ | वडा नं ७ किशोरको घर अगाडी नाला निर्माण | पतिजिया निर्माण सेवा | ८६८८१७ |
| ३५ | २४३।८१।३।२४ | वडास्तरीय सडक मर्मत संभार | अक्स ब्रीज ईन्जीनियरिङ | ४८८५९६ |
| ३६ | २३२।८१।३।२४ | विशुनपुरामा ईनार मर्मत संभार | करिश्मा निर्माण सेवा | २२१८६७ |
| | | | जम्मा | १८०४१२१३ |

७०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार वार्षिक दश लाख भन्दा वढीको खरिद गर्नुपर्ने भएमा खरिदको विवरण, खरिदको प्याकेज, समय तालिका तथा विधि समेत समावेश गरी खरिद योजना स्वीकृत गरी सोही अनुसार खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका योजना कार्यान्वयन सम्वन्धमा कार्यालयवाट खरिदको विधि सहितको कार्यक्रम स्वीकृत भएकोमा सो विपरित पदाधिकारीहरुले आआफ्नो योजना सोझै खरिदका लागि तोकी पठाई उल्लेखित अनुसार सोझै खरिद गरिएको छ । वोलपत्र तथा दरभाउपत्रवाट गर्ने गरी स्वीकृत गरीएको कार्यक्रम पदाधिकारीहरुको तोकवाट सोझै खरिद गर्ने कार्य कानुन सम्मत देखिएन ।

७०.२ पालिकाले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्नेमा कार्यालयवाट स्वीकृत कार्यक्रम विपरित पदाधिकारीहरुको तोक आदेशवाट सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन । सोझै खरिद कार्यमा नियन्त्रण गरी शिलवन्दी दरभाउपत्र र वोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शी रुपमा गर्नुपर्ने तथा खरिदकानुनको पालना नगरी गरिएको खरिद १८०४१२१३ अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,८०,४१,२१३ |

७१ **उपभोक्ता समितिवाट काम गराएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अन्तर्गत कार्यालयले यस वर्ष सडक, सिचाइ, खानेपानी लगायतका १५० टुक्रा काम उपभोक्ता समितिवाट गराइ रु. ४ करोड २६ लाख ३१ हजार भुक्तानी दिएको छ । यसको लेखापरीक्षणवाट निम्न व्यहोराहरु

देखिएका छन् ।

७१.१ **निर्माण क्षमता:** उपभोक्ता समितिवाट सार्वजनिक खरिद वा निर्माण कार्य गर्न त्यस्ता समितिहरुमा पूँजि, जनसक्ति, उपकरण र व्यवस्थापकीय ज्ञान चाहिन्छ । सामान्यतया उपभोक्ता समितिहरुमा यस्ता क्षमताको अभाव रहको अवस्थामा सार्वजनिक खरिद नियमावलीले रु.१ करोड सम्म काम उपभोक्ता समिति मार्फत गर्नसक्ने व्यवस्था गरेको छ ।

७१.२ **जनसहभागिता परिचालन** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिवाट गराइने काममा जनसहभागिता परिचालन गर्नु पर्ने व्यवस्था गरिएको छ । यस पालिकाले परिचालन गर्नु पर्ने जनसहभागिताको अंश निर्धारण गर्नु पर्नेमा गरेको देखिएन । रु. ४ करोड २६ लाख ३१ हजार का १५० योजनाहरुमा दश प्रतिशत सम्म जनसहभागिता परिचालन गरेको देखाए पनि सम्वन्धित योजनाहरुमा जनसहभागितावाट गरिने काम नछुट्टाइ एकमुष्ठ रुपमा काम गराएको र सोही अनुसार नै नापी किताव भरेको देखिन्छ । सम्झौता गर्दाको अवस्थामै उपभोक्ता समितिले जनसहभागितावाट गर्ने काम निर्धारण गरी काम गराउने वा नगद सहभागिताको रुपमा जनसहभागिता परिचालन गर्ने व्यवस्था गर्नु पर्दछ ।

७१.३ **उपभोक्तालाई मूल्यअभिवृद्धि कर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समिति मार्फत गर्ने कामको लागत अनुमान तयार गर्दा निर्माण सामग्री खरिदको मूल्यअभिवृद्धि कर समेत समावेश गरी लागत अनुमान तयार गरेकोमा देहायका उपभोक्ता समितिले भुक्तानी लगेको मूल्य अभिवृद्धि कर वरावरको मूल्यअभिवृद्धि कर बिजक पेस नगरेकोले मूल्यअभिवृद्धि कर बापत भुक्तानी भएको निम्नानुसारको रु. १ लाख ७३ हजार ६८० असुल गर्नुपर्ने रु.

| भौ.नं.मिति | कामको विवरण | भुक्तानी भएको मू.अ.कर | विल पेश भएको | वढी मू.अ.कर |
|---|---|---|---|---|
| ३६।२०८०।१०।२२ | कोटहवा अधुरो सामुदायिक भवन निर्माण | ३०७४४ | २६४२४ | ४३२० |
| 37।80।10।22 | वडा नं ४ खुरहुरिया वाटो ढलान | ५१३५१ | ३८२१९ | १३१३२ |
| ५३।८०।११।३ | चनुली गाउँ पि सिसि | २१५४१ | १५६३० | ५९११ |
| ५२।२०८०।११।२७ | श्री नगर गाउँमा ढलान कार्य | २०४६० | १३९५० | ६५१० |
| ५०।८०।११।१७ | तैरिहवा पश्चिम टोलमा नाली निर्माण | ६२०८५ | ४७९९३ | १४०९२ |
| ५१।२०८०।११।२७ | गजनापुर कोटहवा औरहवा सडक पिसिसि | १९५२१ | १३३०९ | ६२१२ |
| ६५।८०।१२।१५ | श्री जन जागृति आ वि निर्माण | ५०२५८ | ९५०१ | ४०७५७ |
| ७५।८१।१।३ | राम टहल हरिजनको घर देखि पुरव जानेवाटो पिसिसि | १६९१० | १३४५१ | ३४५९ |
| ९९।८१।२।१८ | ललितपुर सडक पिसिसि | १५६०० | ११२७७ | ४३२३ |
| ९८।८१।२।१८ | परासी ढुङ्गा दक्षिण टोल पिसिसि | ३९३०६ | २६७९९ | १२५०७ |
| ९१।८१।१।२५ | विर्नी गाउँ सडक पिसिसि | ५३९१८ | ३१९०४ | २२०१४ |
| ११२।८१।२।२५ | टिकरको ठूलो पोखरिमा छडघाट निर्माण | २५५०४ | १९७२७ | ५७८१ |
| १४५।८१।३।७ | सुवासको घरदेखि मेनरोड सम्म पिसिसि | १२९१२ | ८९९९ | ३९१३ |
| १४८।८१।३।९ | रोहीणी १ वगाहामा पोखरी निर्माण | ३२६८७ | २३०३० | ९६५७ |
| १५९।८१।३।१२ | तरकुलामा अधुरो सामुदायिक भवन | २८९८९ | १९०५९ | ९९३० |
| १८९।८०।३।२० | धकधकई सडक पिसिसि | ८८५८ | ५९०५ | २९५३ |
| २०४।८१।३।२१ | कदमहवा कालिमाई ट्रस निर्माण | ८६२६ | ५७८९ | २८३७ |
| २२९।८१।३।२४ | वडा नं ७ चर्च निर्माण | १८१८१ | १२८०९ | ५३७२ |
| | जम्मा | ५१७४५१ | ३४३७७५ | १७३६८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७३,६८० |

७२ **गैर सरकारी संस्था मार्फत खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थाबाट विभिन्न कार्य गराई भुक्तानी गरेको छ । तर त्यस्ता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ। पालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ।

साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा अनुगमन प्रतिवेदन बेगर भुक्तानी गरेको पाईयो। आवश्यक प्रकृया तथा कागजात र खरिद बिधि वेगर पटक पटक एकै संस्थावाट समेत कार्य गरेको अनियमित देखिएको रु.

| क्र सं. | भौ नं। मिति | संस्था | विवरण | रकम |
|---|---|---|---|---|
| १ | ५१०।०८१।१।२ | एक्लोलाई साहारा दिने बृक्ष समुह | अन्तरक्रिया कार्यक्रम | १०००००। |
| २ | ७०८।०८१।३।१० | करिअर मिडिया सर्विसेज | सिकलसेल एनिमिया रोग सचेतना कार्यक्रम | १३१२४३। |
| ३ | ८०२।०८१।३।१८ | ग्रीन फाउण्डेसन अफ नेपाल | कुसन तथा डोरमेट बनाउने तालिम | १९८८१२। |
| ४ | ३०३।०८०।१०।१८ | जनजागृति सामुदायिक सिकाई केन्द्र | बुटिक तालिम | १०००००। |
| ५ | १७२।०८०।९।४ | पाल्हीनन्दन ट्रेनिङ्ग सेन्टर | सिनेटरी प्याड बनाउने तालिम | १९७९२०। |
| ६ | २५६।०८०।१०।३ | पाल्हीनन्दन ट्रेनिङ्ग सेन्टर | अचार बनाउने तालिम | १९८५००। |
| ७ | ३५०।०८०।११।६ | पाल्हीनन्दन ट्रेनिङ्ग सेन्टर | चुरापोते कार्यक्रम वडा नं ६ | १९९०००। |
| ८ | ३७८।०८०।११।२० | पाल्हीनन्दन ट्रेनिङ्ग सेन्टर | गुडिया बनाउने तालिम | १९८७००। |
| ९ | ४२३।०८०।१२।५ | पाल्हीनन्दन महिला उत्थान सेवा संस्था | किशोरी बालिकालाई आत्मरक्षा तालिम | ३९७७००। |
| १० | ५९०।०८१।१।२१ | पाल्हीनन्दन महिला उत्थान सेवा संस्था | चेतनामूलक तालिम | १९८२२०। |
| ११ | ४५०।०८०।१२।१५ | बहुउद्देशीय विकास सेवा संस्था | मोटर डाइभिङ्ग तालिम | २४९६१७। |
| १२ | ४८४।०८०।१२।२६ | बहुउद्देशीय विकास सेवा संस्था | मोटर डाइभिङ्ग तालिम | १९९५०१। |
| १३ | ४४९।०८०।१२।१५ | बहुउद्देशीय विकास सेवा संस्था | सिलाइ कटाइ तालिम | २४९८४३। |
| १४ | ५२८।०८१।१।६ | बुटवल लुम्बिनी टेक्निकल कलेज प्रा लि | हाउस वायरिङ्ग तालिम | १४९४४२। |
| १५ | ५२९।०८१।१।६ | बुटवल लुम्बिनी टेक्निकल कलेज प्रा लि | हाउस वायरिङ्ग तालिम | १४९४४२। |
| १६ | ६९०।०८१।३।४ | बुटवल लुम्बिनी टेक्निकल कलेज प्रा लि | व्युटी पार्लर तालिम | २३८६५६। |
| १७ | १४३।०८०।८।२० | भाइब्रेशन मिडिया प्रा लि | ११ स्थानमा जनचेतनामूलक सडक नाटक कार्यक्रम | ४९६६३५। |
| १८ | ५४५।०८१।१।१२ | मितेरी सामाजिक संस्था | सिलाई कटाई तालिम | १९९२१९। |
| १९ | ३६४।०८०।११।१३ | रोहिणी ग्रामिण सेवा समाज | सरसफाइ सम्बन्धी तालिम | १३९५५५। |
| २० | ४५१।०८०।१२।१५ | रोहिणी ग्रामिण सेवा समाज | कम्प्युटर तालिम | १९९३३२। |
| २१ | ४०७।०८०।१२।४ | श्रृजनशिल समाज नेपाल | अगरबत्ती तालिम | १९७२९८। |
| २२ | ३५१।०८०।११।६ | समृद्धि सामाजिक संस्था | कढाई बुनाई तालिम कार्यक्रम वडा नं ६ | १९९३८८। |
| | | | जम्मा | ४५८८०२३ |

| | |
|---|---|
| अनियमित भएको | ४५,८८,०२३ |

७३ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार वोलपत्र, सिलवन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न निम्नानुसारको रु.३४ लाख ४८ हजार को परामर्श सेवा लिएको देखिन्छ ।

| क्र सं. | भौचर नं र मिति | विवरण | परामर्सदाता | भुक्तानी रकम | कार्यान्वयन अवस्था |
|---|---|---|---|---|---|
| १ | ६२२। ०८१।१। २५ | पोखरी सौन्दर्यीकरण गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न विस्तृत परियोजन प्रतिवेदन तयार गर्ने | कालीगण्डकी बिल्डर्स एण्ड ईन्जिनियर्स प्रा.लि.) | ४९७२०० | नभएको |
| २ | १८४। ८१।३। २० | गाउँपालिका भित्र रहेका हुलाकी सडकमा पर्ने बिभिन्न बजार क्षेत्र, चोक तथा सडक सौन्दर्यीकरण गरी बिकास गर्न बिस्तृत परियोजना प्रतिवेदन तयार गर्ने | रोयल एक्सिस इन्जिनियरिङ सर्भिस प्रा.लि. | ४९२४५४ | नभएको |
| ३ | ११९८। ८१। ३२० | हुलाकी सडक देखि उत्तर लक्ष्मीपुर गाउँको मूल सडक स्तरोन्नति र रोहिणी १ बगहा पोखरीमा दुर्गा मन्दिर निर्माणका लागी डिपिआर | गौतम इन्जिनियरीङ सर्भिस | ४६५४२४ | नभएको |
| ४ | ४५३। ८०।१२। १६ | स्थानीय आर्थिक विकास योजना निर्माण | इम्प्याक्ट डेभलपमेन्ट पार्टनर नेपाल प्रा.लि | ४९६६३५ | नभएको |
| ५ | ४५२। ८०।१२। १६ | स्थानीय आर्थिक विकास सर्वेक्षण | अमेजन सनसाइन मल्टीपर्पोज प्रा.लि. | ९९६६६० | नभएको |
| | ४००। ८०।१२। १ | रोहिणी सभ्यताका विषयमा खोजमुलक बृत्तचित्र निर्माण | जलेश्वर पब्लिक मिडिया प्रा लि | ५००००० | |
| | | जम्मा | | ३४४८३७३ | |

७३.१ **विज्ञको उपस्थिति** - परामर्श सेवा प्रदान गर्न निम्नानुसार परामर्शदाताहरुले कार्य गर्ने उल्लेख भएकोमा निजहरुको प्रमाणित हाजिर विवरण पेश भएको छैन । जसवाट सम्वन्धितको विज्ञता उपयोग सम्वन्धमा एकिन हुन सकिएन । सम्झौता वमोजिम विज्ञहरुको संलग्नता पुष्टि हुने प्रमाण संलग्न हुनुपर्दछ ।

७३.२ **सम्भाव्यता अध्ययन/डि.पि.आर** - सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा यसरी सेवा लिदा गर्दा सोको आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन । यस्ता सेवा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

७३.३ **कार्यान्वयन** - आवश्यकताका आधारमा मात्र परामर्श सेवा लिने तथा सोको अभिलेख राखि कार्यान्वयनमा आउनुपर्दछ। उल्लेखित अनुसारको डी. पि.आर. तथा विभिन्न परामर्श सेवाको उयोगको सुनिश्चितता तथा कार्यान्वयनमा नआएकोले उपयोग भएको नदेखिएकोले पालिकालाई अनावश्यक व्ययभार पर्नेगरी कार्य भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३४,४८,३७३ |

७३.४

**अभिलेख** - परामर्शसेवा तथा डि.पि.आर.हरुको अभिलेख व्यवस्थित गरी राख्नुपर्नेमा हाल सम्म भएका डि.पि.आर.प्रतिवेदनहरुको अभिलेख राखेको देखिदैन । जसवाट हाल भएका कार्यहको दोहोरोपना सम्वन्धमा एकिन गर्न सकिएन । लिएका परामर्श सेवाका तथा डि.पि.आर.प्रतिवेदनको अभिलेख व्यवस्थित गरेर राख्नुपर्दछ ।

७३.५ **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्मस, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाईयो । नर्मस निर्धारण गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

७३.६ पालिकाले उल्लेखित कार्यको लागि लागत अनुमान स्वीकृत गरी एउटै पत्रमा सबै परामर्शदाताहरुको नाम उल्लेख गरी प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरेकोमा प्राप्त गरी सोही अनुसार खरिद गरेको छ ।एउटै पत्रवाट प्रस्ताव माग गरेकोले प्रतिस्पर्धा सिमित भएको छ । छुट्टा छुटै पत्रवाट प्रस्ताव माग गरी परामर्श सेवा लिनुपर्दछ ।

## ७४ गुणस्तर व्यवस्थापन

ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आस्वस्तता योजना पेश गर्नु पर्नेमा गरेको पाइएन । कार्यालयमा सिमेण्ट, गिट्टी, वालुवा परीक्षण गर्ने मेशिनहरु नरहेको पाइयो । सिलवन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुनाको आधारमा परीक्षण गर्दा सम्वन्धित ठेक्कामा प्रयोग हुने सामानको नमुना हो होइन एकिन गर्न सक्ने अवस्था छैन । निर्माण सामाग्री उत्खनन गर्ने स्थल स्वीकृत गरी गुणस्तर परीक्षण गरिएका सामाग्रीमात्र प्रयोग गर्नुपर्नेमा त्यस प्रकारको स्वीकृती दिएको देखिएन । पुलहरुको क्युव टेष्ट, सडकको फिल्ड डेन्सिटि टेष्ट, सव वेश/वेशमा प्रयोग गरिएका सामाग्रीहरुको स्पेसिफिकेसनमा तोकिएको संस्थामा गुणस्तर परीक्षण गराएको पाइएन । गुणस्तर व्यवस्थापनमा कार्यालयको कमजोर प्राथमिकताका कारण निर्मित संरचनाहरुको गुणस्तरीयतामा विश्वस्त हुने आधार छैन ।

## ७५ अधुरो ठेक्का

७५.१ ठेक्का अवधिभित्र ठेक्काको कार्य सम्पन्न गर्नुपर्नेमा पटक पटक म्याद थप गर्दा पनि कार्य सम्पन्न नगरी निर्माण कार्य अधुरो रहेको देखिन्छ । निर्माण व्यवसायीहरुले कार्यतालिका र सम्झौता अनुसार काम नगर्ने वा बीचमा कार्य छाडने गरेको कारण ठेक्काहरु अधुरा भएका छन् । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ तथा सार्वजिनक खरिद नियमावली, २०६४ को नियम १२०(११), १२१ र १२८ अनुसार ती ठेक्काहरुको पेश्की जमानी प्राप्ती गर्ने, ठेक्का अंकको बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ती लगाउने र अन्य कारवाही समेत गर्ने व्यवस्था । खरिद सम्झौता वमोजिम काम नगरेकोमा कार्यालयले खरिद सम्झौताका व्यवस्थाहरुको कार्यान्वयन नगरेको कारण ठेक्काको काम अधुरो रहेको छ । अत: निर्माण व्यवसायीवाट खरिद सम्झौताको शर्त वमोजिम अधिकत दश प्रतिशतले हुन आउने रु. २२ लाख ७० हजार ३३९ पूर्वनिर्धारित क्षतिपुर्ति असुल गरी निर्माण कार्य सम्पन्न हुनुपर्ने रु.

| क्र.स. | निर्माण कार्य | निर्माण व्यवसायी | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | यो वर्ष सम्मको खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|
| 1 | तरकुलाहा हुदै चम्कीपुर सडक | गंगोत्री देवी निर्माण सेवा | २०७८।८। १६ | २०७९।२।७९ | ५५३८६१९ | ३३१५३३० | ७५ |
| 2 | विज्ञान भवन श्री पोखरभिण्डी मा.वि. | कृपा ईन्जीनियरिङ कन्ट्रक्सन | २०७८।११। २५ | २०७९।२।३० | २५३९६७९ | ६३२६२० | २५ |
| 3 | पशुपति आधारभूत विद्यालयमा भवन निर्माण | अंसुमन निर्माण सेवा | २०७९।२। १७ | २०८०।७।३० | ५८५३५४२ | २९५५९६२ | ६० |
| 4 | बेलराइ राजा चोकमा धर्मशाला निर्माण | नेसनल मल्टि वील्डर्स | २०७८।१। २३ | २०८०।२।३० | ८७७१५५३ | २२६१२५७ | ४० |
| | | जम्मा | | | २२७०३३९३ | ६९०३९१२ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,७०,३३९ |

७५.२ **कार्य सम्पादन जमानत** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० वमोजिम निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने अवधि खाम्ने कार्य सम्पादन जमानत हुनुपर्ने व्यवस्था रहे पनि उल्खित ठेक्का मध्ये पशुपति आधारभूत विद्यालयमा भवन निर्माण कार्यको निर्माण व्यवसायी श्री अंसुमन निर्माण सेवाको कार्यसम्पादन जमानत रु.५ लाख ९० हजारको म्याद १५ डिसेम्वर २०२४ मा समाप्त भएकोमा थप भई नआएकोले उक्त जमानत प्राप्त हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९०,००० |

७६ **रंग खरिद मौज्दात**

पालिकाले भौ नं ६५८।०८१।२।२४ बाट दरभाउपत्र माग गरी रंग खरिद वापत ग्लोसी पेन्टस प्रा लि लाई रु. ९ लाख ६० हजार २१३ भुक्तानी गरेको देखियो । प्रधानमन्त्री रोजगार कार्यक्रमसंग समन्वय गरी ६ वटा सामुदायिक विद्यालयमा कलर कोड कायम गरी पेन्ट गरेने कार्यको लागि निम्नानुसार रंग खरिद गरेकोमा जनजाग्रिती आधारभूत विद्यालयमा मात्र रंग लगाउने कार्य सम्पन्न भएको पाइयो । बाँकी रंग पालिकामा मौज्दात रहेको पाइएकोले उक्त सबै रंगको उपयोग भएको प्रमाण पेश हुनुपर्ने रु.

| विवरण | परिमाण | दर (मू अ कर बाहेक) | रकम |
|---|---|---|---|
| Ext Primer 20 ltrs | ४३ | ६३०० | ३०६११७ |
| Enamel 4 ltrs | २४ | २१६० | ५८५७९ |
| Enamel 1 ltrs | ९ | ५४० | ५४९२ |
| Ext paint 20 ltrs | ५४ | ९५४० | ५८२१३१ |
| तारपिन तेल | ५१ | १३७ | ७८९५ |
| | | जम्मा | ९६०२१४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,६०,२१४ |

७७ **भेरियसन**

सार्वजनिक खरिद नियमावली,२०६३ को दफा ५४ को उपदफा १(च) वमोजिम खरीद सम्झौता गर्दाका वखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वियनका वखत सृजना भएमा सोको प्राविधिक पुष्ट्याई र कारण सहित पच्चिस प्रतिशत सम्मको सार्वजनिक निकायको सर्वोच्च कार्यकारीले भेरियसन आदेश जारि गर्न सक्ने व्यवस्था छ । पालिका अन्तर्गत वडा नं ७ पोखरभिण्डा मदरसा देखि खोखरहनी पि.सि.सि. कार्यको लागत अनुमान रु. १९ लाख १६ हजार १८३ स्वीकृत गरी वोलपत्र भएकोमा रु. १३ लाख ५९ हजार ८६५ कवोल गर्ने लक्की एण्ड शिव कन्ट्रक्सन को दरभाउपत्र स्वीकृत गरी कार्य भएकोमा २७.७० प्रतिशत रु. ३ लाख ७६ हजार ७५० भेरियसन गरी रु. १७ लाख ३६ हजार ६१५ भुक्तानी भएको छ । खरिद ऐन वमोजिम खरिद सम्झौताका वखत अनुमान गर्न नसकिने स्थिति नभएको अवस्थामा वढी कार्य गराएको तथा सर्वोच्च कार्यकारी निकायवाट उक्त भेरियसन स्वीकृत भएको देखिएन । अत: ऐन वमोजिम भेरियसन हुनुपर्दछ ।

७८ **प्रिमिक्स कार्पेट**

सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७५ संशोधन समेत को प्रिमिक्स कार्पेटिङ २० एमएम सम्मको उचाई हुने गरी तोकेको छ । कार्यालयले निम्नानुसारका कालोपत्रे कार्यमा सो भन्दा वढी उचाईको भुक्तानी दिएको देखियो । वढी उचाई ४१ एमएम सम्मको नापी गरी भुक्तानी दिएकोमा सोको उचाई प्रमाणीत हुने कोर कटिङ्ग प्रतिवेदन समेत संलग्न गरेको देखिएन अत: स्पेशिफिकेशन भन्दा वढी हुनेगरी तथा सोको उचाई प्रमाणीत हुने प्रतिवेदन वेगर भुक्तानी भएको रकम अनियमित देखिएको रु.

| भौ.नं.मिति | कामको विवरण | निर्माण व्यवसायी | वढी परिमाण घ.मी | भुक्तानी दर | कुल भुक्तानी |
|---|---|---|---|---|---|
| १७२। ८११३। १६ | श्रीपुर देखि वैनीपुर सडक कालोपत्रे कार्य १४८८.१५ वर्गमिटरमा ०.०२ ले हुने २९.७६ घन मिटरको भुक्तानी हुनुपर्नेमा ५६.६६ घन मिटरको भएकोले वढी २६.८९ घ मी | एम ए कन्ट्रक्सन | २६.८९ | १०७३५ | २८८६६४ |
| | | | | अनियमित भएको | २,८८,६६४ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : रोहिणी गाउँपालिका, रुपन्देही , रोहिणी गाउँपालिका , रुपन्देही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राकेश कुमार चौधरी | २०८१-२-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कृष्ण प्रसाद ज्ञवाली | २०७७-५-२६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,८२३,२२५ | ६२,६८८,६३० | ८,५०९,९६३ | ० | ० | ४,९४०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ७८,९६१,८१८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ७८,९६१,८१८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६५५५३९६७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २८०४५०४०६ | चालु खर्च | ३२३०५२४४९ |
| प्रदेश सरकारबाट अनुदान | २११९९६३४ | पूँजीगत खर्च | १२४५९१५५१ |
| राजश्व बाँडफाँट | १०१९८३५२५ | वित्तीय/अन्य व्यवस्था | १५७००९५५८ |
| आन्तरिक आय | ३४२११८७५ | | |
| अन्य आय | १५९१४८३१७ | | |
| कुल आय | ५९६९९३७५७ | कुल खर्च | ६०४६५३५५८ |
| बाँकी मौज्दात | | ५७८९४१६६ | |

# सुझाव

भुक्तानी स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा गाउँपालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्रीहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका जिन्सी मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।